# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ३९, पूर्णाङ्क १८५ | २०७५ चैत १३ गते बुधबार | Wednesday, 27 March 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## पत्रकार कर्ण विक गिरफ्तार



**कालीकोट** : प्रहरीले कालीकोटको मान्मस्थित नयाँ कर्णाली एफएमका सञ्चारकर्मी कर्णबहादुर विकलाई एफएममै घेरा हालेर गिराफ्तार गरेको छ । बिहीबार बिहान एफएममा काम गरेर निस्किने बेला उनलाई गिरफ्तार गरिएको जनपत्रकार सङ्गठन नेपालले जनाएको छ।

उक्त सङ्गठनले गिरफ्तार भएका पत्रकार विकलाई तत्काल रिहा गर्न सरकारसमक्ष माग गरेको छ। उनी जनपत्रकार सङ्गठन नेपालका कालीकोट जिल्लाका अध्यक्ष पनि हुन् । उनको रिहाइका लागि माग गर्दै सञ्चारसम्बन्धी विभिन्न सङ्घ, सङ्गठन र संस्थाहरुले पनि विज्ञप्ति प्रकाशित गरेका छन् ।

# नेताहरूको गिरफ्तारीविरुद्ध चैत १६ गते नेपाल बन्द

## शान्तिपूर्ण कार्यक्रम गर्न नदिइए केपी वलीका कार्यक्रममाथि नै प्रतिबन्ध लगाउँछौं : विप्लव

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' सहित आफ्ना नेता र कार्यकर्ताहरूको गिरफ्तारीका विरुद्ध चैत १६ गते शनिबार नेपाल बन्दको घोषणा गरेको छ । उक्त पार्टीका महासचिव विप्लवले चैत ११ गते विज्ञप्ति प्रकाशित गरी उक्त जानकारी दिएका हुन् ।

महासचिव विप्लवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'केपी–प्रचण्डको सामाजिक दलाल सरकार दिनप्रतिदिन नेपाली श्रमिक जनतामाझ अलोकप्रिय, असफल र सङ्कटग्रस्त बन्दै गएको छ । यता हाम्रो पार्टी राष्ट्रघाती, जनघाती, भ्रष्ट, ठग, मानवतस्कर, मजदुरमाराहरूलाई जनताको माग र चाहनाबमोजिम जनकारबाही गर्दै जाँदा आमजनताका बीचमा लोकप्रिय हुँदै गएपछि आफ्नो असफलता, बदनामी र सङ्कटलाई छोप्न कथित अशान्ति मच्चाएको, चन्दा उठाएको हवाला दिँदै नेपाली श्रमिक जनताको प्रतिनिधि हाम्रो गौरवशाली पार्टीमाथि प्रतिबन्ध घोषणा गर्दै चरम फासिवाद लाद्न पुगेको छ । यो फासिवादको सारा राजनीतिक पार्टी, मानवअधिकारवादी सङ्घसंस्था, नागरिक समाज, बुद्धिजीवी, पत्रकार,




प्रतिष्ठित कलाकारलगायत व्यक्तित्वहरूले विरोध गरिरहेका छन् । तर केपी सरकारले प्रतिबन्ध र दमनलाई हटाउनुको सट्टा चर्काएर वस्तुतः देशलाई गृहयुद्ध र द्वन्द्वतिर धकेल्न खोजेको छ । हाम्रो पार्टीका स्थायी समिति सदस्य एवम् मध्यकमान्ड इन्चार्ज कमरेड सुदर्शन, पीबीएम कमरेड जीवन्त, केन्द्रीय सदस्यहरू कमरेड प्रज्वलन, कमरेड बन्धुलगायत दर्जनौं नेता-कार्यकर्तालाई गिरफ्तार गरेको छ भने देशव्यापी अप्रेसन सञ्चालन गरिरहेको छ । केपी वली सरकारको यो फासिवादी, निरङ्कुश, दमनकारी, आपराधिक दमनका विरुद्ध र कमरेड सुदर्शनलगायत नेताहरूको रिहाइका निम्ति स्थायी समितिको

बाँकी पृष्ठ ७ मा

## नेपाली सेनाले भन्यो- दमन समाधान होइन, वार्ताबाटै समाधान खोज

नेपाली सेना
Nepalese Army

सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएपछि देश गृहयुद्धतिर जानसक्ने चिन्ता गरिएको बेला नेपाली सेनाले भने विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि लागेको प्रतिबन्ध र उसका गतिविधि नियन्त्रणमा बल प्रयोग घातक हुनसक्ने जनाएको छ । नेकपामाथि प्रतिबन्ध लगाउनुअघि नै सेनाले नेकपाले उठाएका राजनीतिक विषयहरूमाथि राजनीतिक समाधान खोज्न उपयुक्त हुने सुझाव सरकारलाई दिएको हो ।

विखण्डनकारी सीके राउतलाई समेत राजनीतिक रूपबाट व्यवस्थापन गरिएको भन्दै नेपाली सेनाले नेपाल कम्युनिस्ट पार्टीलाई पनि राजनीतिक व्यवहार गर्न उपयुक्त हुने बताएको छ । नेकपामाथि प्रतिबन्ध लगाउनुअघि नै नेपाली सेनाले सरकारलाई राजनीतिक मुद्दा राजनीतिक रूपबाटै समाधान गर्नुपर्ने

... बाँकी पृष्ठ ७ मा

## नेकपा नेता सुदर्शनको गिरफ्तारीको चौतर्फी विरोध

### क्रान्तिकारी माओवादी, माओवादी केन्द्र, काङ्ग्रेस र राप्रपाका नेताद्वारा सरकारी कदमको आलोचना



■ **रातो खबर संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य किरणले शुक्रबार राति नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' सहित नौजना गिरफ्तार भएको र उनीहरूमाथि यातना दिने क्रम बढेको भन्दै आपत्ति जनाएका छन् ।

'समस्याको समाधान प्रशासनिक रूपमा होइन, वार्ताद्वारा गर्न र नेता-कार्यकर्ता पक्राउ गर्ने तथा यातना दिने कामलाई अविलम्ब रोक्न हाम्रो पार्टी सरकारसित जोडदार माग गर्दछ', किरणको विज्ञप्तिमा उल्लेख छ।

सरकारले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्ध फिर्ता गर्न पनि उनले माग गरेका छन् । शनिबार विज्ञप्ति सार्वजनिक गर्दै किरणले यस्तो माग गरेका

... बाँकी पृष्ठ ७ मा

## नेता सुदर्शनलाई प्रहरीले अदालतमा उपस्थित गरायो, ८ दिनको म्याद थप

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्यकेन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' सहित ९ जनालाई प्रहरीले अदालतमा उपस्थित गराएको छ । सुदर्शनसहित ९ जनालाई आइतबार जिल्ला अदालत ललितपुरमा न्यायाधीश चूडामणि खड्काको ४ नम्बर इजलासले ८ दिनका लागि म्याद थप गरेको हो ।

सुदर्शनका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारीसहित ६ जना अधिवक्ताले थुनछेक बहस गरेका छन् । सुदर्शनसहित ९ जनाविरुद्ध सङ्गठित अपराध, राज्यविरुद्धको अपराध, हातहतियार र खरखजाना तथा बम विस्फोटको मुद्दा लगाइएको छ ।

सुदर्शनसहित गिरफ्तार गरिएकाहरुलाई नेकपाका केन्द्रीय सदस्य विजय श्रेष्ठ 'प्रज्वलन', रामकृष्ण




खतिवडा, शङ्कर अधिकारी, ललित तामाङ, सञ्जीव कार्की, देव घिमिरे, धर्मराज राजबाहक र लोकेन्द्र खड्कालाई पनि सोही मुद्दा लगाइएको छ ।

सुदर्शन नेकपाको केन्द्रीय स्कुलिङ विभागका प्रमुखसमेत हुन् । सुदर्शनलाई

... बाँकी पृष्ठ ७ मा

## को हुन् कमरेड सुदर्शन ?



रुकुमको त्रिवेणी गाउँपालिका घर भएका हेमन्तप्रकाश ओली 'सुदर्शन' नेकपाभित्र एक वैचारिक नेताका रूपमा स्थापित छन् । विद्यार्थी कालदेखि राजनीति सुरु गरेका सुदर्शन जनयुद्धकालदेखि नै तत्कालीन नेकपा माओवादीको उच्च तहमा पुगिसकेका नेता हुन् ।

२०३६ सालको विद्यार्थी आन्दोलनबाट प्रभावित भएर राजनीतिमा चासो राख्न थालेका उनी २०३७ सालमा अनेर स्ववियूको सदस्य, २०३९ सालमा रुकुम जिल्ला सदस्य, २०४० मा तत्कालीन प्रतिबन्धित नेकपा मशालको सदस्य, २०४४-०४८ सालमा अनेर स्ववियूको केन्द्रीय सदस्य, विद्यार्थी नेता र पार्टी एरिया सदस्यको हैसियतामा जनआन्दोलनमा सहभागी हुँदै २०४८ सालमा नेकपा एकताकेन्द्रको जिल्ला सदस्य, २०५१ सालमा रुकुम जिल्ला सेक्रेटरी भएका थिए ।

२०५२ साल फागुन १ गते जनयुद्धको सुरुआत गर्दा उनी रुकुमको राडी प्रहरी चौकी आक्रमणका कमिसार थिए भने २०५४ सालमा भारतको हरियानामा भएको बैठकबाट नेकपा माओवादीको केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । एक वर्षपछि बझाङ र बाजुरा कार्यक्षेत्र भएको बेला जेल परेका ओली रिहा भएपछि पुनः २०५५ को गोवा बैठकबाट केन्द्रीय समितिमा सामेल भएर जनयुद्धकालमा कमिसार र राज्यको इन्चार्जका रूपमा सक्रिय भएका थिए ।

बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय स्वाधीनताको सोचमा पतन

नयाँ जनवादी-वैज्ञानिक समाजवादी क्रान्ति कुनै न कुनै रूपले राष्ट्रिय मुक्ति आन्दोलनसँग सम्बन्धित हुन्छ । हाम्रो जस्तो देश जो साम्राज्यवादीहरूको नवउपनिवेशमा रहेको छ, को सन्दर्भमा क्रान्ति झनै राष्ट्रिय स्वाधीनतासँग प्रत्यक्ष जोडिएको हुन्छ । कम्तिमा साम्राज्यवादी-उत्तर साम्राज्यवादी विश्व कायम हुँदासम्म कुनै पनि देशको क्रान्ति स्वाधीनतासँग नजोडिएर पूरा हुन सक्नेछैन । यो विषय पेरिस कम्युन, अक्टोबर क्रान्ति र चिनियाँ क्रान्तिसँग पनि प्रत्यक्ष जोडिएको थियो र ती क्रान्तिले पनि आ-आफ्नै विशेषतामा राष्ट्रिय स्वाधीनतालाई समाधान गरेका थिए । यस सन्दर्भमा लेनिनले, "पुरानो शासनको विरुद्ध विद्रोह गर्ने समय सर्वहारावर्गले दुई कार्यभार– एक, राष्ट्रिय र दोस्रो, वर्गीय ग्रहण गर्‍यो : फ्रान्सलाई जर्मन आक्रमणबाट मुक्ति तथा मजदुरहरूको पुँजीवादबाट समाजवादी मुक्ति । दुई कार्यभारको यो एकीकरण कम्युनको मौलिक गुण हो", (लेनिन सङ्कलित रचना, हिन्दी संस्करण, खण्ड ३, कम्युनको सवक, पृ. ३६९) भन्नुभएको छ । चीनको सन्दर्भमा यसलाई माओले अझै माथिबाट "हामीले समर्थन गर्ने गरेको नौलो जनवादी राजनीति भनेको बाहिरी उत्पीडन र भित्री सामन्ती तथा फासिवादी उत्पीडनको तख्ता पल्टाइदिनु हो । त्यसपछि पुरानो खालको जनवाद होइन, सबै जनवादी वर्गहरूको संयुक्त मोर्चाको एउटा राज्यव्यवस्था स्थापना गर्नु हो", (माओ सङ्कलित रचनाहरू, भाग ३, हाम्रो सामान्य कार्यक्रम, पृ. १७६) भन्नुभएको छ ।

नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएदेखि क्रान्तिको सम्बन्ध राष्ट्रिय स्वाधीनतासँग जोडिएको विषयलाई जोड दिइँदै आइएको छ । सिद्धान्ततः यस दृष्टिकोणमा प्रायः सबै कम्युनिस्ट पार्टीहरू एकमतजस्तै रहे । कहिलेकाहीँ त नेपाली सन्दर्भमा राष्ट्रियताको मुद्दा जनतान्त्रको भन्दा मुख्य बन्ने विचार पनि आयो, जो सही पनि थियो । यसमा पनि मुख्यतः भारतीय साम्राज्यवाद (विस्तारवाद) ले गर्ने

**देश/परिवेश**

■ विप्लव



हस्तक्षेपको विषय अगाडि रहँदै आएको छ । खासमा ब्रिटिस कम्पनी सरकार भारतबाट फिर्ता गएपछि बनेको भारतीय राज्यले नेपालप्रति अंग्रेजभन्दा पनि खराब नीति अवलम्बन गर्‍यो । त्यसमा राजनीतिक लाभका लागि नेपाली कांग्रेसले सबैभन्दा धेरै राष्ट्रघात गर्ने काम गर्‍यो । २००७ सालमा कांग्रेस सरकारमा आएपछि

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# वलीको ब्रुमेयर

२३ जुन १८६९ मा लन्डनमा बसेर कार्ल मार्क्सले एउटा किताब तयार पार्नुभयो- 'लुई बोनापार्टको १८ औँ ब्रुमेयर ।' त्यो किताब वास्तवमा उहाँका मित्र जोसेफ वोइडमेयरद्वारा न्युयोर्कबाट प्रकाशित हुने साप्ताहिकका लागि फ्रान्समा भएको घटनालाई लिएर नियमित लेख्नुभएको थियो । नेपोलियन बोनापार्टका भतिजा लुई बोनापार्ट जो फ्रान्सका राष्ट्रपति थिए, उनका समर्थकहरूले विधायकलाई खारेज गरेको एक वर्ष पुगेपछि सम्राट् घोषणा गरेका थिए । मार्क्सले उक्त किताबको सुरुमा नै हेगेलको भनाइ भन्दै भन्नुभएको छ- इतिहास दुईपटक दोहोरिन्छ तर हेगेलले एकपटक वियोगान्त भएर र अर्कोपटक मजाक भएर भन्ने कुरा थप्न बिर्सेका छन् । मार्क्सको यो किताब एङ्गेल्सको भनाइमा अति नै प्रवीण कामको परिणाम हो ।

यो पुस्तकमा १८४८ मा चुनावद्वारा राष्ट्रपतिमा चुनिएको भनिएको लुई बोनापार्टले आफैँलाई कसरी र किन सम्राट् घोषणा गर्न सक्यो र इतिहासलाई दोहोऱ्यायो भन्ने छ भने अर्को इतिहासलाई कसरी पुनरावृत्ति गर्न सकिन्छ र त्यो कस्तो राज्यप्रणालीमा हुने गरेको छ, त्यसबाट सच्चा सर्वहारा वर्गले के पाठ सिक्ने भन्ने कुरालाई उजागर गरिएको छ । त्यही किताबमा समावेश गरिएका तथ्यहरूको अध्ययन र मनन गरेर १८७१ मा पेरिसका कम्युनार्डहरूले वर्गसङ्घर्षको उद्घोष गरेर पहिलो सर्वहारावर्गीय सत्ता पेरिस कम्युनको स्थापना गरेका थिए । यसरी राष्ट्रपतिबाट सम्राट् बन्न पुगेको लुई बोनापार्टका पिँढीका विरुद्ध नै कम्युनार्डहरूको युद्ध भएको थियो ।

आजभन्दा १ सय ६८ वर्षअघि फ्रान्समा भएको घटनालाई यहाँ किन स्मरण गर्नुपर्ने भयो त ? के यो प्रसङ्ग अहिले उठाउन जरुरी छ ? यो प्रसङ्ग उठाउनुको तात्पर्य के हो भन्ने जिज्ञासा उठ्न सक्छ । यसका लागि धेरै दिमाग चलाउनु पर्दैन । दसबर्से महान् जनयुद्धको जगमा भएको १९ दिने आन्दोलनको बलमा भएको पहिलो संविधानसभा चुनावद्वारा निर्वाचित प्रतिनिधिहरूको पहिलो बैठकले २०६५ साल जेठ १५ गते नेपालमा राजतन्त्रको अन्त्य भई गणतन्त्रको घोषणा गरिएको थियो । २०७० सालमा प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाई दोस्रो संविधानसभाको चुनाव गरी जनताको व्यापक विरोध हुँदाहुँदै संविधान घोषणापछि भएको चुनावबाट केपी वलीको नेतृत्वमा दुई तिहाइको सरकार बन्यो । त्यसपछि नेपालमा मूल रूपमा जनयुद्ध र जनआन्दोलनका उपलब्धिहरूलाई योजनाबद्ध रूपले गुमाइँदै लगिएको छ ।

केपी वलीले अहिले आफ्नो पार्टीभित्र एकलौटी पेलेको कुरा आइरहेको छ । सरकारमा पनि आफ्नै पाराले काम गरिराखेको भन्ने छ । संसद्मा सामान्य संसदीय पद्धति नअपनाएको भनी आलोचना भएको छ । जनतालाई उनले गरेका गलत र खराब कामका विरुद्ध बोल्न, लेख्न र विरोध गर्न प्रतिबन्धजस्तै लगाइरहेका छन् । उनका क्रियाकलापले देशमा हदैसम्मको अराजकता, राष्ट्रघात, भ्रष्टाचार बढेको छ । हत्या, हिंसा, बलात्कार, लुटपाट दिनदहाडै भइरहेका छन् । यस्तो अवस्थामा वलीले आफ्नो सरकारले राम्रो मात्र काम गरेको बखान गरिराखेका छन् र उनका आसेपासेहरू नाङ्गो बादशाहको कपडाको प्रशंसा गरिराखेका छन् । त्यसैमा वली जुँगामा ताउ लगाउँदै मुस्कुराइरहेका छन् ।

अब आयो ब्रुमेयरका कुरा । अहिले नेपालमा जुन व्यवस्थाको अभ्यास भइराखेको छ- दलाल संसदीय गणतन्त्र, यसको स्थापनाका लागि पनि हजारौँ नेपाली आमाका असल सन्तानहरूले रगत बगाएका छन् । त्यो रगत वलीहरूको नीति, योजना र कार्यक्रममा होइन । रगत बग्दै गर्दा वलीहरू त नेपालमा गणतन्त्र ल्याउनु भनेको बयलगाडामा चढेर वासिङ्टनको यात्रा गर्नुसरह रहेको उखान फलाक्दै थिए । यसरी हेर्दा गणतन्त्रको कट्टर विरोधीहरू अहिलेको गणतन्त्रको तर मारिराखेका छन् । उनीहरूको हातमा अहिले राज्यको डाडुपन्यु रहेको छ ।

गणतन्त्र स्थापनासँगैको संविधानसभाको चुनावमा नराम्रोसँग आफ्नो गृहक्षेत्र र राजनीतिक कर्मभूमिबाट हारेका वली अहिले नेपालमा दोस्रोपटक प्रधानमन्त्री बन्न पुगेका छन् । पहिलोपटकको उनको प्रधानमन्त्रीको कार्यकालमा सामान्य स्वाद चाख्न पाएका वलीले यसपालिको कार्यकालमा आफ्नो पदको दुरुपयोग गरिराखेका छन् । उनीहरूले बनाएको भनिएको संविधानमा राखिएका प्रावधानहरूलाई समेत कुल्चिएर कम्युनिस्टका नाममा सच्चा कम्युनिस्टमाथि दमन थोपरिराखेका छन् । यसरी दमन गर्न अहिले रहेका विधान, कानुन, नियम र ऐनहरूबाट नपुगेर वा अवरोध खडा गरिराखेका प्रावधानहरूलाई संसदीय दुई तिहाइको ध्वाँसमा खारेज गरिराखेका छन् । सामान्य संसदीय दायराभित्रको प्रधानमन्त्री अधिकारभन्दा बढी अधिकार उनी आफूमा निहित गरिराखेका छन् । विप्लवले नेतृत्व गरेको नेकपामाथिको प्रतिबन्ध त्यसैको परिणति हो । सेना परिचालन गर्नसक्ने गरी विधेयक संसद्मा लैजानुले उनी आफू उन्नाईसौँ शताब्दीको लुई बोनापार्टको नेपाली संस्करणमा देखिने इच्छा व्यक्त गरेका छन् ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– **रातो खबर साप्ताहिक**

# वार्ता र प्रतिबन्ध

CF GF]KF6L{OF S'G} ; /; NNFX GU/L, DLGQD08NDF KLG CU|LD HFGSF/L GU/FO{ CGK]IFT KlTAGW NUFPG', TO; SF] EFN]KN6 G} UXD GQLCL 6o FHFG', TO; SF]NUQ} ; '/I FFKL/ IFB\/ ; ]GF KL/RFNG LJWOS KFl/T U/FPGSF NFlU lKHG XFNDF K7FPGN] SKL JNLS]RFXG5G\ E G] S'/ FSF] VN F; F UB5 . GSKFDFY KlTAGW 3f]0fF U/] BDG UG{S]KLNFO{ B]Z–lJB]ZL KlTlQMFJFBLS]BAFA /X\$F] ; XH} CGDFG NUFPG ; lSG5 .



गुणराज लोहनी

केपी शर्मा ओलीको सरकारले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका गतिविधिहरूमाथि प्रतिबन्ध घोषणा गरेको छ । उक्त सरकारले आधिकारिक रूपमा नै नेकपाका नेता/कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने मात्र होइन, घुँडाभन्दा तल गोली हान्नेसम्मको आदेश दिएको छ । प्रतिबन्ध लगाउनुभन्दा पहिला नै कपिलवस्तुलगायत जिल्लाहरूमा गोली हानी घाइतेसमेत बनाएको छ । जिल्लाजिल्लामा सर्च एन्ड एरेस्ट अप्रेसन पनि चलाइराखेको छ । साथै सरकारकै प्रायोजनमा नेकपा र प्रहरीबीच दोहोरो भिडन्त भएको झूट्टा समाचार पनि प्रकाशित हुने गरेका छन् ।

केपी वलीको सरकार गठन भएदेखि नै नेकपाले गर्ने गरेका सभा, जुलुस र शान्तिपूर्ण कार्यक्रमहरूमाथि अघोषित प्रतिबन्ध नै लगाउँदै आएको हो तर फागुन २८ गते बालुवाटारमा बसेको मन्त्रिमण्डलको बैठकले घोषित प्रतिबन्ध नै लगाउने निर्णय गरेको थियो । त्यसपछि प्रधानमन्त्रीले नेकपालाई 'आपराधिक र लुटेरा' समूह भन्न थालेका छन् । उनले हतियार नबुझाईकन वार्ता नगर्ने कुरा पनि गर्दै आएका छन् । यो सरकारका सञ्चार तथा सूचनामन्त्री गोकुलप्रसाद बास्कोटाले नेकपाका गतिविधिलाई लिएर कसैले पनि समाचार नछाप्न उर्दी जारी गरेकै भोलिपल्ट सबैजसो राष्ट्रिय दैनिक र ब्रोडसिटका छापाहरूले ब्यानर न्युज नै बनाएर उनको उर्दीलाई खारेज गरिदिएका छन् । साथै गृह मन्त्रालयले चन्दा माग्ने नेकपाका नेता/कार्यकर्ताका बारेमा पुलिसलाई खबर गर्न र चन्दा दिनेलाई पनि कारबाही गर्न सार्वजनिक सूचना जारी गऱ्यो । तर ती सूचनाहरू जारी हुँदै गर्दा र सञ्चार तथा सूचनामन्त्रीले सञ्चारमाध्यमहरूलाई धम्की दिँदै गर्दा पत्रिकाहरूले गृह मन्त्रालयको उक्त निर्देशनको खिल्ली उडाउँदै नेकपाले स्थानीय तहमा नै खुलेआम चन्दा मागेको समाचारलाई महत्व दिएर छापेका थिए ।

वर्तमान राज्य पक्षले नेकपाका गतिविधिमाथि प्रतिबन्ध लगाउने नाममा गरेका निर्देशन, उर्दी र निर्णयले उसले एकपक्षीय युद्धको घोषणा गरेको सहजै बुझ्न सकिन्छ । सरकारको यो युद्ध घोषणाले देशलाई कता पुऱ्याउने हो थाहा छैन । सम्भावित घटनाको कुनै आँकलन नगरीकन केपी वली नेतृत्वको सरकारले एउटा रटान खुबै लगाएको छ । विप्लवले नेतृत्व गरेको नेकपालाई सरकारले वार्ताका लागि आह्वान गरेको, वार्तामा नआएपछि र अपराधी, आतङ्कवादी काम गरेकाले उसको क्रियाकलापमाथि प्रतिबन्ध लगाएको उसले भनेको छ ।

के केपी सरकारले नेकपालाई वार्तामा बोलाएको थियो ? सरकार र नेकपाबीचको वार्ताको यथार्थ के हो त ? यस विषयमा सरकारी पक्षबाट कुनै कूटनीतिक मूल्यमान्यता, सामान्य नैतिकताको ख्यालै नगरी वार्ताको कुरालाई खुबै प्रचारमा ल्याइएको छ । मुख्य रूपमा गत भदौ ८ गते सोमप्रसाद पाण्डेको संयोजकत्वमा गठित उच्चस्तरीय राजनीतिक वार्ता टोलीले नेकपासँगका वार्ताका प्रसङ्गहरूलाई स्वयम् पाण्डेले सञ्चारमाध्यमहरूमा सार्वजनिक गरेका छन् । उनले नेकपासँग वार्ताका लागि गुणराज लोहनीसँग नियमित सम्पर्क भएको तर उनले अन्तिममा आफ्ना पार्टीका नेता र कार्यकर्ताहरू रिहा गराइसकेपछि वार्ताको कुरा छाडेर सरकारलाई धोका दिएको प्रसङ्ग उठाएका छन् । आगामी दिनको ख्याल नगरीकन, कूटनीतिक मान्यतालाई ख्याल नगरी यसरी आवश्यक र अनावश्यक कुराहरूलाई सार्वजनिक गर्नुले वली सरकारले गठन गरेको उच्चस्तरीय वार्ता टोलीको हैसियतलाई सतहमा ल्याइदिएको छ । सरकारी पक्षबाट नै सञ्चारमाध्यमहरूमा छताछुल्ल कुरा आउन थालेपछि विगतको वार्ताको यथार्थ के हो ? किन वार्ता हुन सकेन भन्नेबारेमा प्रस्ट्याउनु जरुरी ठानिएको छ ।

केपी वलीको सरकार गठन भएदेखि नै उनले सार्वजनिक कार्यक्रमहरूमा नेकपालाई होच्याएर बोल्ने गरेका थिए । उनको सरकार गठन भएको ६ दिन बित्न नपाउँदै विराटनगरमा हुन लागेको युवाहरूको राष्ट्रिय सम्मेलनको उद्घाटनका लागि गएका नेकपा स्थायी समितिका सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', पोलिटब्युरो सदस्य पदम राईलगायत नेतालाई बसेको स्थानबाट नै गिरफ्तार गरेर यो सरकारले वास्तविक अनुहार देखाउन थालेको थियो । त्यसपछि उसले निरन्तर गिरफ्तारीको शृङ्खला नै चलाउन थाल्यो । साउन १० गते नागढुङ्गाबाट कृष्ण धमला र मोहन कार्की, त्यसैगरी साउन २३ गते पार्टी प्रवक्ता तथा स्थायी समिति सदस्य खड्गबहादुर विश्वकर्मालाई गिरफ्तार गरियो । यसरी चन्द्रबहादुर खड्कासम्म आइपुग्दा ११ जना केन्द्रीय स्तरका नेता र अन्य कार्यकर्ता गरी ४ सयको आसपासमा गिरफ्तार गरियो । अझ आश्चर्यको कुरा त के भने भदौ ८ गते वार्ता टोली गठन भएको चौथो दिन अर्थात् १२ गते पोलिट ब्युरो सदस्य उमा भुजेललाई गिरफ्तार गरिएको थियो । वार्ता टोली गठन भएपछि पनि भुजेलको गिरफ्तारीले केपी सरकारको वार्तामा षड्यन्त्रको गन्ध महसुस गर्न सकिन्थ्यो ।

CLXN] SKL JNLS]; /SF N] GS]KF JFTF{OF GCFPSF] SF 0F KlTAGW NUFOPSF] TS{UL//FVS]5 . T/ OYFY{ TO: TF] XF]OG . /FHON] CFWSFl/S ¿KDF SG} KQFRF/ GU/LSG N?N? JFTF{OF HFGSF] CY{ S] XG5 < GS]KF YFS], UN] JFJ}RFl/S ¿KDFCFTD; DKf0FU/] < OLSG} S'/FXG ; QmG}YOF]/ EPG KLG .

उक्त वार्ता टोलीको कार्यक्षेत्र र कार्यविधिमा असन्तुष्ट र द्वन्द्वरत पक्षसँग वार्ता भनिएको थियो । तर विप्लवले नेतृत्व गरेको नेकपासँग वार्ता गर्ने भन्नेबारेमा केही पनि उल्लेख गरिएको थिएन । भदौ १८ गते वार्ता टोलीकी सदस्य लीला भण्डारीले जसरी भए पनि भेट्नुपऱ्यो दाइ भनेर फोन गरेकी थिइन् । म रातो खबरको निर्देशकका रूपमा काम गरिराखेको थिएँ र अहिले पनि पत्रकारितामा नै काम गरिराखेको छु । मेरो लीला भण्डारीसँग भेट भयो । लीलाले वार्ता टोलीको हैसियत, कार्यक्षेत्रका बारेमा कुरा गरेर भनिन्- दाइ, एकपटक जसरी पनि वार्ताका लागि कुरा गर्नुपऱ्यो ।

मैले 'मसँग प्रत्यक्ष सम्पर्क छैन । तैपनि कोसिस गर्दछु' भनेको थिएँ । लीलाले हामी भदौ २३ गते पत्रकार सम्मेलन गरेर सार्वजनिक आह्वान गर्छौं । त्यसपछि फेरि भेटौँला भनिन् । उनीहरूले पत्रकार सम्मेलन गरे । पत्रकारहरूले सोधेको प्रश्नको जबाफमा संयोजक सोमप्रसाद पाण्डेले विप्लवहरूसँग पनि वार्ता गर्ने कुरा गरेका थिए । तर त्यहाँ वितरित प्रेसविज्ञप्तिमा नेकपासँग सरोकार राख्ने केही पनि उल्लेख गरिएको थिएन । लीला फेरि मलाई भेट्न आइन् । मैले उनीहरूले गरेको पत्रकार सम्मेलनका बारेमा कुरा गरेँ । उनले खासै चित्तबुझ्दो जबाफ दिन सकिनन् । तैपनि कुराहरू भैराखेका थिए । बेलाबेलामा भेट भैराखेको थियो ।

लीला र मेरो भेटघाटकै क्रममा एकपटक अचानक सोमप्रसाद पाण्डे हामी बसेकै स्थानमा आइपुगेका थिए । उनीसँग भेट्ने कुनै योजना वा चाहना थिएन तर उनी आइपुगे । तैपनि आएको मान्छेसँग कुरा नगर्ने भन्ने भएन । सोमप्रसादले २ घण्टा लगाएर वार्ता टोली, आफ्नो हैसियत र राजनीतिक पृष्ठभूमिका बारेमा पट्यारलाग्दो व्याख्या गरे । मेरो स्वास्थ्य पनि ठीक थिएन । २ बजेपछि मलाई बोल्न र सुन्न अत्यन्तै अप्ठ्यारो हुन्थ्यो जुन अहिले पनि हुन्छ । त्यो दिन बेलुका ६ बजेसम्म कुरा गर्दा म बेहोस हुनेजस्तो भैसकेको थिएँ । उनका कुरा सकिएपछि म त्यहाँबाट हिँडेँ र सरलालाई सीधै अस्पतालमा आउन भनेँ । त्यसपछि म इमर्जेन्सीमा भर्ना हुनुपरेको थियो ।

त्यो दिनदेखि सोमप्रसाद पाण्डेसँग २ पटक भेट भयो । उनले प्रत्येक भेटमा वार्ता गर्ने कुरा गर्दथे । मैले 'हुन्छ, वार्ता हुन्छ तर त्यसका लागि २ वटा सर्तहरू रहेका छन्' भनेँ । पहिलो गिरफ्तार नेता र कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्नुपर्ने, अर्को सरकारले आधिकारिक रूपमा वार्ताका लागि नेकपाप्रतिको धारणा स्पष्ट पारेर चिठी लेख्नुपर्ने । यी कुराहरू हुँदै गर्दा नै खड्गबहादुर विश्वकर्मा, उमा भुजेल, कृष्ण धमला, मोहन कार्कीलगायतलाई सर्वोच्चले रिहा गर्न दिएको आदेशलाई पनि लत्याउँदै मुद्दामाथि मुद्दा थप्दै ५/५ वटा जिल्लामा लगेर बल्ल छाडिएको थियो । त्यसैगरी अन्य नेताहरूका हकमा पनि सरकारले त्यही रबैया अपनायो । सबैलाई थाहा भएको कुरा हो- पार्टीको निरन्तरको सङ्घर्ष, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज, कानुन व्यवसायीहरूको भगीरथ प्रयत्न, विभिन्न राजनीतिक पार्टीहरूको विरोध, राजनीतिक पहल, अदालतको फैसलाका कारण नेकपाका नेता/कार्यकर्ताहरूलाई सरकारले धरौटीमा छाड्न बाध्य भएको थियो । यसरी गरिएको रिहाइलाई भँजाएर वार्ताको वातावरणको हौवा खुबै फिँजाइएको हो । तर एउटा कुरा केचाहिँ सत्य हो भने वार्ता टोलीका सदस्यहरूले वार्ताको वातावरण बनोस् भन्नका लागि केही पहल गरेका भने गरेका हुन् ।

खड्गबहादुर विश्वकर्मा छुटेपछि सोमप्रसाद पाण्डे फेरि भेट्न आएर वार्ता गर्नुपऱ्यो भनेका थिए । वार्ताका लागि स्पष्ट रूपमा नेकपालाई राज्यले हेर्ने दृष्टिकोण प्रस्ट पार्नुपर्ने, वार्ताका एजेन्डाहरू तय गर्नुपर्ने र राज्यद्वारा लिखित पत्र पठाउनुपर्ने सर्त राखिएको थियो । यी सर्त सुनेपछि पाण्डे खुसी भएर भनेका थिए- हामी तुरुन्तै पत्र लेख्छौँ । भोलि नै पत्र आउनेछ । तर भोलिपल्ट चिठी नआएर सोमप्रसाद पाण्डेको फोन आयो । उनले एकपटक विप्लवलाई भेटेर मात्र पत्र लेखिने भयो । त्यसैले विप्लवलाई भेटाइदिनुपऱ्यो भने । मैले विप्लवलाई भेटाउन सक्दैनथेँ । मैले भनेँ- विप्लवलाई म भेट्टाउन सक्दिनँ किनभने मैले पनि विप्लवलाई भेटेको छैन । चिठी पठाइदिनुस्, म त्यो पुऱ्याइदिने काम गर्छु ।

त्यसपछि सरकारीतर्फबाट नै चिठी लेखिएन र वार्ताको प्रसङ्ग नै हराएको थियो । पछि वार्ताटोलीका कुनै एकजना सदस्यले विप्लवलाई नभेटीकन चिठी नपठाउनू भनेर स्वयम् प्रधानमन्त्री केपी वलीले भनेको जानकारी गराए ।

अहिले केपी वलीको सरकारले नेकपा वार्तामा नआएको कारण प्रतिबन्ध लगाइएको तर्क गरिराखेको छ । तर यथार्थ त्यस्तो होइन । राज्यले आधिकारिक रूपमा कुनै पत्राचार नगरीकन लुरुलुरु वार्तामा जानुको अर्थ के हुन्छ ? नेकपा थाकेर, गलेर वा वैचारिक रूपमा आत्मसमर्पण गरेर ? यी कुनै कुरा हुन सक्तैनथ्यो र भएन पनि । यसको अर्थ के हो भने नेकपाले वार्तालाई निरपेक्ष रूपमा हेरेको भन्ने होइन । विप्लवका अनुसार अहिले पनि नेकपा वार्तामा नै छ । उसले हतियार उठाएको घोषणा गरेको पनि छैन । अब आयो केपी सरकारले वार्ताको बढी हल्ला किन गऱ्यो त ? यो असाध्यै रहस्यको कुरा रहेको छ ।

गएको भदौमा गठित वार्ता टोली नेकपासँग वार्ता गर्न बनाइएकै थिएन । किनभने त्यो टोली बनाउँदै गर्दा नेकपासँग राज्यले कुनै सल्लाह, सुझाव र सम्पर्क नै गरेको थिएन । वार्ता टोली बनाउँदै गर्दा राज्यले नेकपाका नेता/कार्यकर्ताको गिरफ्तारीलाई व्यापक बनाएको थियो । वार्ता टोलीको कार्यक्षेत्रभित्र नेकपासँग वार्ता गर्ने कुनै बुँदा राखिएको थिएन । खड्गबहादुर विश्वकर्मा गिरफ्तार पर्दै गर्दा गृहमन्त्री रामबहादुर थापा अपराधी र लुटेरा भन्दै हिँडेका थिए ।

यी तथ्यहरूले के भन्छन् भने उक्त वार्ता टोली जनतालाई भ्रममा पारेर नेकपामाथि थप दमन गर्न बनाइएको थियो भन्ने कुरा त्यसपछिका सरकारी रवैयाबाट प्रस्ट नै हुन्छ । सरकारी पक्षबाट कुनै आधिकारिक पत्र नलेखीकन वार्तालाई नेकपाले बेवास्ता गरेको भन्दै प्रतिबन्ध घोषणा गर्नु, नेकपाका नेता/कार्यकर्तालाई ताकेर नै गोली हान्नु, दोहोरो भिडन्तको हल्ला फिँजाउनुले उसको वार्ताको नाटकको अन्तिम दृश्यको पटाक्षेप भएको छ ।

आफ्नो पार्टीमा कुनै सरसल्लाह नगरी, मन्त्रिमण्डलमा पनि अग्रीम जानकारी नगराई अनपेक्षित प्रतिबन्ध लगाउनु, त्यसको भोलिपल्ट नै गृहमन्त्री अस्ट्रिया जानु, त्यसको लगत्तै सुरक्षापरिषद् र सेना परिचालन विधेयक पारित गराउनका लागि पिजन होलमा पठाउनुले केपी वली के चाहन्छन् भन्ने कुराको खुलासा गर्दछ । नेकपामाथि प्रतिबन्ध घोषणा गरेर दमन गर्न केपीलाई देशी-विदेशी प्रतिक्रियावादीको दबाब रहेको सहजै अनुमान लगाउन सकिन्छ । यसमा मुख्यतः परराष्ट्रमन्त्रीको अमेरिका भ्रमण, त्यहाँ भएको १९ बुँदे सहमति त्यसमा पनि इन्डो प्यासिफिक मिसनले काम गरेको बुझ्न कठिनाइ पर्दैन । इन्डो प्यासिफिक मिसन सफल पार्न अमेरिकाले किटानै गरी ५० अर्ब दिएको सार्वजनिक गर्नु, विश्वभरि रहेका तिब्बती शरणार्थीलाई आर्थिक सहयोग गर्ने विधेयकलाई अमेरिकाको सिनेटले पारित गर्नुजस्ता पछिल्ला निर्णय र नीतिले गर्दा नेपाललाई वैदेशिक शक्तिको क्रीडास्थलमा परिणत गर्ने र त्यसैको आवरणमा कम्युनिस्टहरू सखाप पार्ने बृहत् योजना बनाइएको सहज अनुमान लगाउन सकिन्छ । त्यसैको मोहरा केपी वली बन्न पुगेका छन् ।

पृष्ठ १ बाट क्रमशः

# राष्ट्रिय स्वाधीनताको सोचमा पतन

२०१७ सम्म, २०१७ मा पञ्चायत आएदेखि २०४६ सम्म र २०४६ मा पञ्चायत ढलेर बहुदल आएदेखि २०६३ सम्म आउँदा भारतले नेपालबाट रक्षा, सेना, हतियार, जनस्रोत, भू-भाग, खानी, व्यापार, परराष्ट्र सबै क्षेत्रमा हस्तक्षेप र अतिक्रमण गर्दै आएको छ।

कम्युनिस्ट पार्टी बनेदेखि राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताबारे जनतामा जागरण ल्याउने पहल गर्‍यो र निरन्तर सङ्घर्ष पनि गर्‍यो। दिल्ली सम्झौताको विरोधदेखि राष्ट्रघातको विरुद्धमा उत्रिएको कम्युनिस्ट पार्टी आजसम्म पनि भारतीय अतिक्रमण र हस्तक्षेपका विरुद्ध सङ्घर्षरत छ। कम्युनिस्टहरूकै पहलमा देशलाई राष्ट्रप्रति एकताबद्ध बनाएका थिए। राष्ट्रियताको प्रश्नमा पुरानो शासकवर्ग पनि कम्युनिस्ट पार्टी र नेताहरूप्रति नतमस्तक बन्ने गर्दथे।

राष्ट्रिय स्वाधीनताको समस्याले पनि नेपालमा जनयुद्धको अवस्था आयो भन्न सकिन्छ। त्यस समयमा प्रचण्ड-बाबुरामले नेपाली क्रान्ति र दीर्घकालीन जनयुद्धको आवश्यकतामाथि जोड दिँदा राष्ट्रिय स्वाधीनतालाई एक मुख्य विषय बनाएका थिए। प्रचण्डले २०४८ मा पेश गरेको राजनीतिक प्रतिवेदनमा नेपालको राजनीतिक प्रधान अन्तर्विरोधमा नै "भारतीय विस्तारवादद्वारा पालितपोषित घरेलु नोकरशाही दलाल सामन्तवाद र उत्पीडित नेपाली जनता बीचको अन्तर्विरोध नै प्रधान अन्तर्विरोध हो" भनेर स्पष्ट गरेको छ। प्रचण्डले भारतीय साम्राज्यवाद (विस्तारवाद) बारे लेखेका छन्, "वास्तवमा जनयुद्धको ऐतिहासिक पहलकदमी साम्राज्यवाद र हाम्रो अवस्थामा मुख्यतः भारतीय विस्तारवादका आगाडि घुँडा टेक्दै बारम्बार राष्ट्रघात गर्दै आएका राष्ट्रघातीहरूका विरुद्ध देशभक्तहरूको विद्रोह हो र त्यो यही सारलाई बोकेर निरन्तर अघि बढ्नेछ", (प्रचण्ड, नेपाली क्रान्तिका समस्याहरू, जनयुद्धको ऐतिहासिक पहलको प्रभाव र भावी दिशाबारे एक टिप्पणी, पृ. ११४)। उनले स्वाधीनतासम्बन्धी कार्यक्रममै लेखेका छन्, "भारतीय एकाधिकार पुँजीवाद तथा नोकरशाही पुँजीवादको पञ्जाबाट राष्ट्र र जनतालाई मुक्ति गर्ने, प्रतिक्रियावादी राज्यसत्ताले राष्ट्रका नाममा गरेका सम्पूर्ण असमान सन्धि खारेज गर्ने, गोप्य सन्धिहरू सार्वजनिक गरी असमान भए खारेज गर्ने, गोरखा भर्तीकेन्द्रजस्ता सम्पूर्ण राष्ट्रिय कलङ्कहरूको अन्त्य गर्ने", (नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, ग्रन्थ १, पृ. २२०)। जनयुद्धको विकास र विजय हुँदै जाँदा भारतले कसरी माओवादी नेतृत्वविरुद्ध हमला गरेको थियो भन्ने सन्दर्भमा प्रचण्ड लेख्छन्, "जनयुद्धको गुणात्मक विकास प्रक्रिया र कुटनीतिक सङ्घर्षका बीचबाट भारतीय विस्तारवाद यो निष्कर्षमा पुग्यो कि हाम्रो पार्टी र जनयुद्धलाई सजिलै आफ्नो जालमा पार्न सम्भव छैन। अन्तर्विरोधको विकासको ठीक यही प्रक्रियाका सन्दर्भमा भारतीय विस्तारवादले र अमेरिकी साम्रज्यवादको समेत समर्थन लिएर अत्यन्त कष्टपूर्ण ढङ्गले हाम्रो पार्टी र जनयुद्धका विरुद्ध आक्रमणलाई तीव्र तुल्याउँदै लग्यो। पार्टी मुख्यालयलाई समेत निशाना बनाउँदै दिल्लीमा मातृका यादव र सुरेश आले मगरमाथि गरिएको आक्रमण, सिलगुडीमा किरणमाथि गरिएको आक्रमण र पटनामा सोनाम, अभ्यास, विजय, अनिल, शमशेर, चित्रबहादुर श्रेष्ठलगायत ११ जना कमरेडहरूमाथिको आक्रमणलाई उपर्युक्त विश्लेषण र निष्कर्षभन्दा बाहिरबाट बुझ्नु ठूलो राजनीतिक भूल हुन जान्छ", (पूर्ववत्, फुन्टिबाङ बैठकको प्रस्ताव, पृ. ५४२)।

प्रचण्डले भारत मुख्य दुश्मन भएको जिकिर गर्दै लेख्छन्, "नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता एवम् स्वतन्त्र आर्थिक, राजनीतिक र सांस्कृतिक प्रगतिका प्रमुख बाह्य दुश्मनहरू रहिआएको ऐतिहासिक सन्दर्भमा भारतीय विस्तारवादका वर्तमान क्रियाकलापहरू जनताको लागि कुनै आश्चर्यको विषय होइन, अपितु यी क्रियाकलापहरूले स्वयम् भारतीय विस्तारवादको राजनीतिक पराजय र नेपालको राष्ट्रिय र जनवादी क्रान्तिमा पूर्णताको आधारभूत राजनीतिक शर्त भारतीय विस्तारवादबाट मुक्ति प्राप्त गर्नु रहेको तथ्य निर्विवाद छ। ... नेपाली जनयुद्ध भारतीय विस्तारवादी हस्तक्षेपसँग टक्कर नलिई र त्यसमाथि विजय प्राप्त नगरी सफल हुने कुराको कल्पना नै गर्न सकिन्न", (ऐ.ऐ., पृ. ५४२)। त्यसैगरी जनयुद्धको तयारी हुँदै बाबुरामले तत्कालीन जनमोर्चाको तर्फबाट राज्यलाई बुझाएको ४० बुँदे मागपत्रमा ९ वटा बुँदा राष्ट्रिय स्वाधीनतासँग नै सम्बन्धित थिए। त्यहाँ सन् १९५० लगायत असमान सन्धिहरू खारेज गर्नुपर्ने, गोरखा भर्ती खारेज गर्नुपर्ने, कोशी-गण्डकी सम्झौता खारेज गर्नुपर्ने, मिचिएका जमिन फिर्ता गर्नुपर्नेलगायत ९ बुँदाहरू उल्लेख छन्। जब जनयुद्ध सुरु भयो, त्यसको निशानामा भारतीय दलाल संस्थाहरू पनि निशानामा परेका थिए। २०५३ सालमा बाबुरामले लेखेका थिए, "भारतीय विस्तारवाद (अर्थात् दिल्लीमा केन्द्र भएको ठूला सामन्त र दलाल तथा नोकरशाही पुँजीपतिवर्गको राज्यसत्ता) दक्षिण एसियाका सम्पूर्ण मुक्तिकामी जनताको सबभन्दा ठूलो बाह्य दुश्मन हो र त्यसलाई पराजित नगरी नेपाललगायत दक्षिण एसियाका कुनै पनि देशको क्रान्ति सुरक्षित हुन सक्दैन", (बाबुराम भट्टराई, राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट, पृ. २६५)।

उनले २०५३ सालमा लेखे, "साम्राज्यवाद र विस्तारवादको थिचोमिचोबाट मुक्ति पाउन चाहने कुनै पनि राष्ट्रले सशस्त्र प्रतिरोधको तयारी गर्नैपर्छ र हाम्रो जस्तो उत्पीडित राष्ट्का निम्ति त्यस्तो प्रतिरोधको सबभन्दा उपयुक्त रूप जनयुद्ध नै हुन्छ", (बाबुराम भट्टराई, नेपाली क्रान्तिका आधारहरू, सङ्कलित रचनाहरू, राष्ट्रियता र जनयुद्ध, पृ. ३८७)। तर, जब प्रचण्ड-बाबुराम भारतमा बस्ने भए, त्यसपछि उनीहरूले आफ्नो सुरक्षाका लागि भारतसँगको अन्तर्विरोधलाई दबाएर राख्ने प्रयत्न गरे। उनीहरूले नोकरशाही सामन्तवादसँगको अन्तर्विरोधलाई विशेष प्रकारले उचाल्ने मै जोड दिए तर भारतको तरिका फेरिएको थिएन। उसले प्रचण्ड-बाबुरामलाई नदेखेझैँ गरे पनि एक-एक गरेर खाने नीति लिएको थियो। पार्टीमा पनि एउटालाई नजिक र अर्कोलाई बाहिर राखेर भित्रै खेल्ने बाहिरै खेल्न तरिका प्रयोग गरिरहेको थियो। यो तरिका त्यतिबेलासम्म चल्यो, जतिबेलासम्म भारत सीपी गजुरेल र किरणसम्म आयो। किरण गिरफ्तार हुँदासम्म पनि प्रचण्डलाई सन्तुलन गर्न सकिन्छ कि भन्ने लागेको थियो तर जब दिल्लीमा उनकै विरुद्ध भारत आउन खोजेको छनक प्रचण्डले पाए अनि बाबुरामले पुनः निहुँ खोज्न थालेको देखे। त्यसपछि उनी बिच्केको मृग जसरी नेपालभित्र कोचिए। आफू आउने भएपछि भारतमा उनले नेताहरूलाई तह लगाउन तयार पारेका अनौठा खालका संरचनाहरू (उनले भारतलाई समेत ४ कमान्डमा विभाजन गरेर नाटक गरेका थिए र त्यहाँ युद्ध थेग्न नसक्नेलाई लगेर थान्को लगाएका थिए) लाई पनि नेपालमै जानुपर्छ भनेर कटुवाले डाँको लगाए। मैसुर बैठकबाट थबाङ-फुन्टिबाङ बैठकमा पुग्दा त उनको पारो भारत र बाबुरामसँग यति चढ्यो कि सुरुङयुद्धको हावादारी योजना कोर्न पुगे। उनले पुनः भारतलाई नेपाली स्वाधीनता र क्रान्तिको मुख्य समस्या बताउन पुगे र प्रधान अन्तर्विराध बन्न पुगेको प्रस्ताव लेखे।

फुन्टिबाङ बैठकको प्रतिवेदनमा उनले लेखे, "राजनीतिक एकरूपताका बाबजुद दक्षिण एसियामा आफ्नो एकछत्र प्रभुत्वको दावी गर्ने भारतीय विस्तारवादका लागि नेपालमा अमेरिकी साम्राज्यवादको बढ्दो प्रत्यक्ष सक्रियता मन परिरहेको थिएन। साथै, जनयुद्धको गुणात्मक विकास प्रक्रिया र कुटनीतिक सङ्घर्षका बीचबाट भारतीय विस्तारवाद यो निष्कर्षमा पुग्यो कि हाम्रो पार्टी र जनयुद्धलाई सजिलै आफ्नो जालमा पार्न सम्भव छैन। अन्तर्विरोधको विकासको ठीक यही प्रक्रियाका सन्दर्भमा भारतीय विस्तारवादले ... पार्टी मुख्यालयलाई समेत निशाना बनाउँदै दिल्लीमा मातृका यादव, सुरेश आलेमाथि गरेको आक्रमण, सिलगुडीमा किरणमाथि गरिएको आक्रमण र पटनामा सोनाम, अभ्यास, विजय, अनिल, शमशेर, चित्रबहादुरलगायत ११ जना कमरेडमाथिको आक्रमणलाई उपर्युक्त विश्लेषण र निष्कर्षभन्दा बाहिरबाट बुझ्नु ठूलो राजनीतिक भूल मात्र हुन जान्छ।" उनले भारतसँग लड्नैपर्ने निष्कर्ष निकाल्दै लेखे, "नेपाली जनयुद्ध भारतीय विस्तारवादी हस्तक्षेपसँग टक्कर नलिई र त्यसमाथि विजय प्राप्त नगरी सफल हुने कुराको कल्पना नै गर्न सकिन्न।" उनले अझ अगाडि लेख्छन्, "अतः जनयुद्धको विकास र विस्तारवादी हस्तक्षेपको बढोत्तरीद्वारा बदलिएको नयाँ सन्दर्भमा पार्टीले भारतीय सैन्य-सहयोगको गुणगान लगाउने पुरानो सत्ताको राष्ट्रिय आत्मसमर्पणवादी दलालहरूका साथै नेपालमा विस्तारवादी स्वार्थको प्रतिनिधित्व गर्ने आर्थिक, राजनीतिक, सांस्कृतिक प्रतिष्ठानहरूमाथि आफ्नो आक्रमणलाई केन्द्रित गर्दै लैजानुपर्दछ", (नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, ग्रन्थ १, पृ. ५४२)। उनले पार्टीलाई भारतविरुद्ध सुरुङयुद्धको तयारी गर्नसमेत उल्काए। भारतप्रतिको उनको यो विश्लेषण र निष्कर्ष भारतमा उनीहरू बस्दाभन्दा निकै फरक थियो तर प्रचण्डको भारतविरोधी सुरुङयुद्ध केवल देखावटी र सौदाबाजीको हतियार मात्र थियो भन्ने कुरा खारा कारबाहीको असफलतापछि बाबुरामको पहलमा प्रचण्डलाई दिल्लीमा गरिएको आमन्त्रण र सम्झौताले स्पष्ट गर्छ। उनको नौजाले तर्कको पछि लागेर बेकार डाँडा-गैरामा खाल्डा खन्न लगाएर गाईवस्तु पार्ने काम मात्र भयो तर बाबुराममा भने कुनै ठूलो परिवर्तन देखिँदैनथ्यो। उनले प्रचण्डको ठीक विपरीत नेपाली क्रान्तिको अन्तर्विरोध राजतन्त्रमा जबर्जस्त थोपर्दै थिए। सम्भवतः जे भए पनि प्रचण्ड-बाबुरामले भारतसँग भएको सहमति तोड्नुहुँदैन भन्ने सोच उनीमा थियो। गौरव र किरणको गिरफ्तारीमा पनि उनीहरूको तर्क गौरव-किरणकै कमजोरी हो जस्तो पार्दै थिए। सम्भवतः भारतले किरणको गिरफ्तारीपछि प्रचण्डलाई तह लगाइयो भने बाबुराम माओवादीमा हाबी हुन्छ कि हुँदैन भन्ने हिसाब गर्दै थियो। भारत नेपाली क्रान्तिको पक्षमा हुने कुरै नसोचौँ कि नेपाली स्वाधीनताको पक्षमा पनि हुन सक्दैनथ्यो। उसको जोड त कसरी हुन्छ, सम्भव भए विद्रोहीलाई समेत दलाल बनाएर देशलाई मुट्ठीमा कस्ने थियो, नभए माओवादीलाई समाप्त पार्नेमा राज्यलाई साथ दिने भन्ने थियो। भारत त्यसमा एक हदसम्म सफल भयो भन्न पनि हामी हिचकिचाउनुपर्दैन।

प्रचण्डले फुन्टिबाङपछि दरबारसँग सम्झौताको बाटो खुल्नेछ र भारतलाई प्रहार गरेर सत्तामा पुग्न सकिनेछ भन्ने आशा राखेका थिए। केही राजावादीहरूले यसको आश्वासन पनि दिएका थिए। यसमा महराले काम गरिरहेका थिए। बाबुरामलाई कारबाही गर्ने लाबाङवरिपरि ज्ञानेन्द्र शाहसँग या उनका केही जनरलसँग वार्ता गर्ने चर्चा पनि थियो तर त्यो मोर्चा प्रचण्डले भनेअनुरूप जान सकेन। सायद दरबारमा पनि भारत पुगिसकेको थियो। उसले दरबारलाई उचालेर माओवादी र संसद्वादी दुबैका विरुद्ध साथ दिने सङ्केत गरेको थियो। गुप्तचरहरूले एकै पटक चाल्ने अनेकौँ गोटीको महाजालमा दरबार पनि पर्‍यो। धेरैले यो जालको भेउ नै नपाएर आफूलाई सर्वनासको नजिक पुर्‍याइसकेका हुन्छन्, त्यसमा दरबार पनि माओवादी पनि परेको देखिन्छ। लाबाङ बैठक भएर बाबुराम कारबाही पर्दै गर्दा माघ १९ को 'कू' भयो र त्यसपछि ज्ञानेन्द्रले दिएको वक्तव्यमा 'आतङ्कवादी' भन्ने शब्द प्रयोग भयो। यसले प्रचण्डलाई छाँगाबाट झारेजस्तो बनायो। प्रचण्डले पनि वक्तव्यमार्फत ज्ञानेन्द्रको 'कू' लाई भण्डाफोर गर्दै संसद्वादीसँग पनि मोर्चा बन्न सक्ने, दरबारसँग पनि कुरा हुन सक्ने खालको द्वैतअर्थि वक्तव्य दिए। बाबुराम कारबाहीमा हुँदाहुँदै पनि प्रचण्डलाई राजाविरुद्ध लैजान अनेकौँ जोड लगाउँदै थिए। प्रचण्डको अवसरवादी अस्थिर चरित्रका कारण उनलाई आफ्नो प्रयत्न सफल हुनेमा भरोसा देखिन्थ्यो। यसकै बीचमा जब खारा कारबाही असफल भयो, तब बाबुरामको 'पत्ता फर्कियो र दाउ खुल्यो।' प्रचण्डको अवसरवादले बाबुरामको दाउमा फाइदा सोहोर्ने मौका पायो।

बाबुराम वैशाखमा र प्रचण्ड वैशाखको अन्तमा भारत छिरेपछि भारतसँग माओवादी भविष्यलाई डुबाउने डरलाग्दो सम्झौता भयो। भारतको गुरुयोजनामा माओवादी र संसद्वादी दलहरूबीचमा मोर्चा खुल्यो। त्यसको निशानामा दरबार र उसका लठैतहरू परे। बाबुरामको विचारअनुसार प्रचण्डले आफ्नो अनुहारमा राष्ट्रवादी नकाव उतारेर 'लोकतन्त्रवादी' नकाव फिट गरे। जाँदा राष्ट्रवादी नकाव फर्किंदा लोकतन्त्रवादीमा फेरिएको देखेर एकथरी कमरेडहरूलाई भाउन्न भयो। लोकतन्त्रवादी प्रस्ताव लिएर प्रचण्ड-बाबुराम वियोगान्त नजिक पुगेका प्रेमजोडी संजोगले मिलनमा फर्किंदा असङ्ख्य बनावटी प्रेमालापको ढाँचा पारेर हिँडेजस्तै उनीहरू ढोंगी-पाखण्डी पारामा लठारिँदै फर्किए। त्यसमा एकदमै भद्दा हाउभाउ प्रचण्डको थियो। उनले पुनः छ महिनामै सामन्तवादलाई मुख्य दुश्मन घोषणा गर्दै संसद्वादी दलहरू कांग्रेस-एमाले र भारतलाई मित्रको रूपमा प्रस्तुत गरे। यसभित्र उनको कार्यनीतिक चाल नभएर जनयुद्धबाट हरेस खाएर लत्रिन पुगेको आत्मसमर्पणवादी दृष्टिकोण छिपेको थियो। शान्तिप्रक्रियाले यसको चरित्रलाई भताभुङ्ग तरिकाले बाहिर ल्याइदियो।

प्रचण्ड-बाबुराम र भारतबीचको सङ्घर्षको कारणले नै वास्तवमा ८ बुँदे र १२ बुँदे सम्झौता दिल्लीमा भएको थियो। सोही सम्झौताको बलमा नेपालमा लोकतन्त्रवादी मोर्चा संसद्वादी दलहरूसँग बन्यो। जनयुद्धद्वारा निर्माण भएको जनताको मत एवम् समर्थनमा १९ दिने आन्दोलन भयो। यसले राजतन्त्रलाई फाल्न सहयोग पनि पुर्‍यायो तर यसको अर्को कल्पनै नगरेको परिणाम पनि ल्यायो, त्यो माओवादी जनयुद्ध र आन्दोलनको विसर्जन पनि थियो। सुरुमा माओवादी वृत्तमा कल्पनै थिएन, यो परिणाम आउँछ भन्नेमा तर भित्र प्रचण्ड-बाबुरामको सम्झौतामा यो भइसकेको थियो। यहाँ मार्क्सले कम्युनिस्ट घोषणापत्रमा भनेजस्तै 'दुवै सङ्घर्षरत पक्ष ध्वस्त भए' सत्तायुद्धमा मुख्य भूमिका पूरा नगरेको संसद्वादी तत्त्वहरूको हातमा गयो। राजतन्त्र पछि हटेपछि उसको सत्ता त गयो नै, सँगै जनयुद्धद्वारा रगतको मूल्यमा स्थापना भएको जनताको सत्ता पनि समाप्त गरियो। यो वास्तवमै एक अभूतपूर्व राजनीतिक परिणाम थियो।

प्रचण्ड-बाबुराम शान्तिप्रक्रियामा निस्केसँगै भारतसँगको व्यवहार अनौठो प्रकारले फेरियो। उनीहरू भारतमा 'माइत' गएजस्तो जान थाले। उनीहरूले दोस्रो छाउलीका उत्तराधिकारीहरूलाई पनि 'अभिषेक' गराउन लगे जसरी पालोपालो लादै नाक-कान छेडेर ल्याउन थाले। यो काण्डमा प्रचण्डभन्दा प्रभावी बाबुराम देखिए। भारतसँग विशेष सम्बन्ध रहेको भन्न दुवै कस्सिए। त्यसबाट प्रचण्डमा कहिलेकाहीँ पारो तात्ने गर्‍यो। म छँदै बाबुरामलाई किन पहिलो भूमिका दिएको होला भन्ने पर्दथ्यो। त्यही कारणले कुनै बेला निंद्राबाट अजाक्किएको जस्तो भारततिर फर्किएर 'बर्बराउने कार्य' पनि गरे तर त्यसको पनि केही सीप चलेन। प्रचण्ड-बाबुराम दुवै मिलेर माथिल्लो कर्णाली, अरुण तीन, कोशी उच्च बाँध सुम्पिन पुगे। बाबुरामले बिप्पा गरेर फर्किए, त्यसलाई हामीले पूरै खारेज गरिदियौँ। पार्टीबाट अनुमोदन नै हुन दिएनौँ, जसको कारणले लागू हुन पनि पाएन। पछि प्रचण्डले २५ बुँदे सहमतिपत्रमा सही धस्काएर नुनको सोझो गरे। प्रचण्डले त्यस समयमा मोदीसँग मिलेर 'केमेस्ट्री मिलेको' भन्नसम्म भ्याए। प्रचण्ड घरी एमालेसँग, घरी कांग्रेससँग गर्दै भारतसँगको सम्बन्धमा विश्वासिलो प्रकारले सुधार ल्याउन प्रयत्नरत भए। चुनावअगाडि कांग्रेससँग मिलेर केपीलाई एक्ल्याए, त्यस बेला भारतका राजदूतले प्रचण्डलाई भेटेर खुलेआम समर्थन गरे भने त्यो गठबन्धनमा भारत नै थियो। स्थानीय चुनाबमा कांग्रेससँग मिलाउने कार्य भारतले नै गरेको थियो। बिचरा कांग्रेसले चितवनमा मतपत्र च्याती-च्याती माकेलाई जितायो तर प्रचण्डहरूको सम्बन्ध नितान्त कार्यनीतिक थियो, फकाउने ध्याउन्नमा कांग्रेसले आफ्नो धोती नै खुस्कायो ! कम्युनिस्ट पार्टी नाम मात्र भए पनि मिल्ने भएकोले दुई पार्टीमा रहन दिनुभन्दा एउटै बनाउँदा ठीक हुने भारतकै केही बुद्धिजीवीको रहेको सच्चाइ एमालेसँग चुनावी तालमेल गर्ने र एकताको प्रचार गरेपछि खुलाए। यसका सबैभन्दा उनीहरूको तर्कमा भन्दा 'सकारात्मक' माओवादी जनयुद्धको एउटा धारालाई नै समाप्त पार्न पाइन्छ भन्ने पनि थियो। यसको खुलासा पनि भारतीय बुद्धिजीवीहरूले "एमाले-माके एक होऊन् भन्ने चाहना भारतकै थियो" भन्ने टिप्पणी गरेबाट स्पष्ट हुन्छ। चुनावपछि पार्टीमा आज आउँदा प्रचण्डले शुष्मा स्वराजसम्मलाई केपी ओलीसँग मिलेर स्वागत गर्न पुगेका छन् र भनेका छन्– भारतसँग मिलेर "नेपालमा विकास र समृद्धि" ल्याइन्छ तर प्रचण्डमा कति अस्थिरता छ भने हाम्रो पार्टी निर्माण र क्रान्तिकारी प्रक्रियालाई समेत "भित्रभित्रै भारतले सहयोग गरेको छ" भन्न उनका मान्छेलाई भन्न भ्याएका छन्। उता भारतमा गएर उसलाई खुसी पार्न हामीलाई चीनले उचालेको भन्न पनि भ्याउँछन्।

नेपालबारे भारतीय नीति बदलिएको छैन, बरु झन् नियन्त्रणकारी र अतिक्रमणकारी बन्दै गएको छ। केपी-पीकेले चुनावमा बहुमत ल्याएपछि शुष्मा आइन् र 'सुरक्षा, परराष्ट्र, अर्थ' को जिम्मा आफूलाई दिन आग्रह गरेको समाचार बाहिरै खुलासा भयो। त्यो विषयमा केपी र पीके दुवैले केही बोलेनन्। प्रचण्ड-बाबुरामको भारतसँगको आत्मसमर्पणले राष्ट्रिय स्वाधीनतामा असीमित प्रकारले स्खलन ल्यायो। भारतको विरोध र स्वाधीनताको नारा सत्तामा पुग्नका लागि दिइने देखावटी हतियार मात्र हो, भित्र सबै उस्तै हुन् भन्ने भ्रम जनतामा पुर्‍याएको छ। यो वास्तवमा प्रचण्डहरूको आत्मसमर्पणवादी एवम् विसजर्नवादी पतनको परिणाम हो। उनीहरूको राष्ट्रघाती मुकुण्डो त उत्रियो उत्रियो, कम्युनिस्ट आन्दोलनलाई समेत ठूलो क्षति पुग्यो। हाय पतन !

# विप्लव निकट मलेसिया मोर्चाद्वारा दूतावासमा ज्ञापनपत्र

**सन्तोष योन्जन तामाङ** / मलेसिया, क्वालालम्पुर

विप्लव निकट प्रवासी युवाहरूको सङ्गठन जनप्रगतिशील मोर्चा मलेसियाले नवनियुक्त राजदूत उदयराज पाण्डेलाई स्वागत गर्नुका साथै मलेसियामा रहेका सम्पूर्ण श्रमिकहरूको मुद्दालाई मुखरित गर्दै चैत ११ गते ज्ञापनपत्र बुझाएको छ।

मोर्चाले ज्ञापनपत्रमार्फत गरेकोमा मागमा मुख्यतः श्रमिकले आफ्नो श्रम स्वतन्त्र, मर्यादित र सुरक्षित रूपमा गर्न पाउनुपर्ने र सम्झौतामा उल्लेख भएका सर्तहरू लागू हुनुपर्ने, अन्तर्राष्ट्रिय मानवअधिकारका साथै विश्व श्रमिक अधिकारअनुरूपको मजदुर अधिकार सुनिश्चित गर्नुपर्नेलगायत छन्।

मजदुर अधिकारको माग प्रस्तुत गर्ने कार्यक्रममा सङ्गठनका तर्फबाट संयोजक तथा पार्टी सेक्रेटरी महेश ओली, अध्यक्ष विजय लामा, सङ्गठनका सूचना तथा सञ्चार विभाग प्रमुख सन्तोष तामाङ, मोर्चा सेलेङगारका छेत्रीय अध्यक्ष हुकुम केसी, ज्ञानबहादुर रावललगायत उपस्थित थिए।

दूतावासका तर्फबाट राजदूत उदयराज पाण्डेले मलेसियाका श्रमिकहरूको समस्यालाई जरैबाट पहिचान गरी कानुनी, संवैधानिक र सम्झौताका आधारमा समाधान गर्न दूतावासका तर्फबाट कुनै पनि कसर बाँकी नराख्ने र त्यसका लागि सम्पूर्ण नेपाली श्रमिकहरू, सामाजिक अगुवा सबैको सहयोग आवश्यक रहेको भन्दै कारणवश कुनै नेपाली अवैधानिक भएको कुनै गम्भीर अपराध र कसुर नभएको तर पैसाके कारण घर फर्कन नसकेका नेपालीहरू भए उनीहरुका लागि राज्यकोषबाट स्वदेश फिर्ताको वातावरण मिलाउन सकिने बताएका थिए।

थुप्रै देशहरूमा नेपालीहरूले श्रम गरिरहेको भए पनि अन्य देशको तुलनामा मलेसियामा श्रमिक समस्या र घटनाहरू बढी भएको समाचार सम्प्रेषण हुने गरेको छ। यसको समाधानका लागि जोकोहीबाट पनि सकारात्मक प्रयास हुनु आवश्यक छ।

सरकारले नेपालमा विप्लव नेकपाका सम्पूर्ण गतिविधिमाथि पूर्ण प्रतिबन्ध लगाएको छ। विप्लव निकट प्रवासी युवाहरूले सरकारी निर्णयको विरोध गरेका छन्। न्यायपूर्ण आन्दोलन गर्ने पार्टीमाथि प्रतिबन्ध लगाइएकाले सम्पूर्ण श्रमिकहरू विप्लव नेतृत्वको नेकपाका गतिविधिमा लामबद्ध हुनुपर्ने मलेसियाका मजदुरहरूको धारणा छ।

वर्ष ४, अङ्क ३९, पूर्णाङ्क १८५ | रातो खबर साप्ताहिक

# नेपाली जनताको चाहना र देशको अवस्था *

**पृष्ठभूमि**

नेपाली समाज इतिहासको गम्भीर मोडमा रहेको छ। उत्पीडित जनताको नेतृत्वमा राज्यसत्ता स्थापनाको चाहनासहित देशका सबैभन्दा सीमान्तकृत जनताको नेतृत्व र सक्रियतामा गरिएको महान् जनयुद्ध र पटकपटकको जनआन्दोलनको भावनालाई लत्याइएको छ र जनताले महसुस गर्ने स्तरमा कुनै परिवर्तन भएको छैन । शासन गर्ने व्यक्ति र गुट मात्र परिवर्तन गर्दै कथित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' स्थापना गरी जनतामाथिको दलाल संसदीय शोषण र राष्ट्रघातलाई चुनावमार्फत वैधता दिएर दुई सय वर्षदेखिको पराधीनता र संरचनागत विभेदलाई थप संवेदनशील बनाई राष्ट्रियता, जनजीविका र जनअधिकारसमेत तीव्र आक्रमणमा परेको छ।

**राष्ट्रियता**

नेपाल राजनीतिक, आर्थिक, परराष्ट्र, सुरक्षालगायत विषयमा वास्तविक रूपमा स्वतन्त्र नहुनु नै आजसम्मको मूल समस्या हो। नेपाल विदेशी सेना र खुफिया एजेन्सीको खुला वा गोप्य गतिविधिको क्रीडास्थल बनेको छ । नेपाली भूमि केही मित्रराष्ट्रका विरुद्ध प्रयोग भएको देखिन्छ। पचासौँ हजार हेक्टर जमिनमा फैलिएका सिमाना नजिकका बस्तीहरू मिचिएका छन्, सयौँ जङ्गे स्तम्भहरू गायब पारिएका छन् र कालापानी क्षेत्रलाई नेपालको नक्साबाट नै हटाइएको छ। रणनीतिक महत्वका त्रिदेशीय सीमास्थलमा कब्जाकारी विदेशी सैन्य अतिक्रमण जारी छ भने एयरपोर्टजस्ता स्थानमा विदेशी सैन्य उपस्थिति, सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि तथा अन्य असमान सन्धिसम्झौता, नेपालका २४ स्थानमा भारतीय सेनाबाट अवकाश प्राप्त सैनिकका लागि पेन्सन वितरणको बहानामा सैनिक क्याम्पको सञ्चालन, माथिल्लो कर्णाली परियोजना, अरुण तेस्रो परियोजना, विराटनगरमा सञ्चालित भारतीय क्याम्प, ठोरीमा भएको सीमा अतिक्रमण, कञ्चनपुरमा सीमा अतिक्रमणको विरोध गर्दा सहिद भएका गोविन्द गौतम, बिप्पा सम्झौता, अन्तर्राष्ट्रिय मामिलामा नेपाल र भारतको एउटै दृष्टिकोण बनाउने पुष्पकमल दाहालको भनाइले राष्ट्रियताको निरीह अवस्था र लेन्डुप दोर्जे प्रवृत्तिलाई झल्काउँछ। जलस्रोत तथा खनिज पदार्थलाई कौडीको मूल्यमा शक्तिराष्ट्रलाई खुसी पार्न उपहारस्वरूप दिइएको छ । विदेशीको इसारामा प्रदेशहरूको गठन गरिएको छ। बलियो स्थानीय तह र सङ्घीय केन्द्र भए पुग्नेमा राष्ट्रियता कमजोर बनाउन, राजकीय स्रोतको दोहन गर्न र अनुत्पादक-परजीवी कार्यकर्ता व्यवस्थापन गर्न प्रदेश संरचना निर्माण गरिएको छ। नागरिकता ऐन र खुला सीमामार्फत जनसङ्ख्या अतिक्रमण र राष्ट्रिय सुरक्षामा खतरा निम्त्याइएको छ। नेपाललाई सुविधा नहुँदा पनि जबरजस्ती रूपमा नेपालको भ्रमण गर्ने र विज्ञ सम्मिलित ईपीजीको प्रतिवेदनसमेत नबुझ्ने भारतीय साम्राज्यवादी संस्थापनको स्वामीभक्तका रूपमा रहेको यो सरकारले राष्ट्रियता थप कमजोर पारेको छ।

**जनतन्त्र**

नेपालको राजनीति २००७ सालदेखि सारभूत रूपमा एउटै राजनीतिक चरित्र, समस्या र जोखिमबीच अघि बढिरहेको छ। संसदीय प्रजातान्त्रिक व्यवस्था, पञ्चायती व्यवस्था, गणतान्त्रिक लोकतान्त्रिक व्यवस्था गरी फरकफरक नामधारी व्यवस्थाअन्तर्गत दर्जनौँपटक संविधान निर्माण र संशोधनको नाटक गरे पनि वास्तविक शासकीय कार्यकारी अधिकार र सार्वभौमसत्ता जनताको तहमा जानै नदिई सामन्तवादको केन्द्र, केही दलका टाठाबाठा र विदेशी शक्तिका नेपाली नागरिकताधारी दलालकै नियन्त्रणमा रहेको छ। यस्तो शासकीय प्रवृत्ति हेर्दा सयौँ वर्षदेखि १-२ प्रतिशतले बाँकी जनतामाथि अन्यायपूर्ण शासन लादिरहेको देखिन्छ।

सोझो तरिकाले हेर्दा सत्तरी वर्षदेखि जनअधिकारका लागि दशकौँपटक आन्दोलन गर्दा पनि श्रमजीवी-देशभक्त जनताको हातमा किन वास्तविक राजनीतिक शक्ति आएन ? किन आर्थिक-सामाजिक समस्याहरू थप जटिल बन्दै गए ? भन्ने विषयमा नै समस्याको मूल कारण खोज्नुपर्ने हुन्छ। सात दशकदेखि नै सरकारमा रहने पात्रहरू औसतमा एक-दुई वर्षको अवधि मात्र रहने र सरकार सञ्चालन गर्न असफल भई सरकारबाट हट्ने र फेरि जीवनभर त्यही सत्ताका लागि षड्यन्त्र गरिरहने संस्कृति छ । विगत एक सय वर्षमा श्रमजीवी जनताको नेतृत्वमा संसारभर धेरै तुफानी परिवर्तन भयो जसले गर्दा मानव समाजले हजारौँ वर्षमा प्राप्त नगरेका सकारात्मक उपलब्धि हासिल गरी अकल्पनीय कायापलट भयो तर नेपालमा हत्या, बलात्कार, धरपकड, झूटा मुद्दा, सामन्तवादी-पुँजीवादी दलालीकरण मात्र मौलायो । किन यस्तो भयो त ? हामीले वैज्ञानिक ढङ्गले विश्लेषण गरी सही कारण पत्ता लगाएर समाधान गर्नुपर्छ।

बजेटको ८६ प्रतिशतसम्म भ्रष्टाचार हुने गरेको र यो अब सरकारी क्षेत्रमा मात्र सीमित नभई निजी, सामुदायिक र गैरसरकारी स्तरमा समेत फैलिएर राष्ट्रिय चरित्र भइसकेको छ। सन् २०१८ को ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले पनि नेपाल १०० अङ्कमा ३१ अङ्क प्राप्त गरी १८० देशमध्ये सबैभन्दा बढी भ्रष्टाचार हुने १२४ स्थानमा पुगेको छ। कानुन निर्माण गर्ने, कार्यान्वयन गर्ने र फैसला/आदेश दिने राज्यका तीनै अङ्गमा प्यारासाइटका रूपमा रहेको बिचौलिया र दलालीकरणले गर्दा पूरै शासकीय संयन्त्र अक्षम प्रमाणित भइसकेको छ । पत्रकारिता जगत्‌ले दूरदृष्टिपूर्ण ढङ्गले जनतामा वस्तुगत राजनीतिक यथार्थ प्रवाह गरी विगत ७ दशकदेखि प्रयोगमा रही पटकपटक असफल प्रमाणित भएको यो दलाल संसदीय व्यवस्थाको भजन गाउन छोड्नुपर्छ । यसरी दलाल पुँजीवादी संसदीय व्यवस्थामा निर्माण र सञ्चालन हुने सरकारहरूबाट दमन, हत्याजस्ता जनविरोधी हर्कतहरू निरन्तर जारी रहेकाले वैज्ञानिक समाजवादी सत्तामा मात्र जनतन्त्र बलियो हुन्छ भन्ने बेहोरा विश्वव्यापी रूपमा नै प्रमाणित भएको छ।

तथाकथित समाजवादउन्मुख संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था तथा राष्ट्रसङ्घका ४१ वटा मानवअधिकारका विषयमा नेपाल पक्ष राष्ट्र भए पनि जनअधिकारको हनन जारी नै छ । तथाकथित दुई तिहाइको कम्युनिस्ट सरकार भनी जनतामा रहेको समाजवादप्रतिको संवेदनालाई ब्ल्याकमेल गरी निर्वाचनमार्फत दलाल पुँजीवादी संसदीय व्यवस्थालाई निरन्तरता दिएर यो सत्ताको आयु लम्ब्याउने कसरत गरेको देखिन्छ। दुई तिहाइको त के कुरा, यो सरकारको नेतृत्व गरिरहेको गठबन्धनमा प्रतिपक्षी पार्टीहरू पनि समावेश भएर शतप्रतिशतको सरकार बनाए पनि यो व्यवस्थामा जनअधिकारको रक्षा हुँदैन किनकि यसको रासायनिक र जैविक चरित्र नै जनपक्षीय मूल्य र अधिकार सिर्जना गर्ने नभई प्रजातन्त्रविरोधी, दोहनकारी, राष्ट्रघाती र जनघाती छ । यो तथ्य आज संसारभर फैलिरहेको असहिष्णु दक्षिणपन्थी उछालबाट नै प्रमाणित हुन्छ र नेपालको वर्तमान सरकार यसको अपवाद होइन।

**जनजीविका**

दसबर्से जनयुद्धपछि यसका मूल नेतृत्वकर्ताको गद्दारी, संशोधनवाद हुँदै दक्षिणपन्थी प्रतिक्रियावादमा भएको महापतनले गर्दा आज पनि भ्रष्टाचार, अत्यधिक करको भार, राजनीतिक दलको पनि एउटा गुटको लूट, बिचौलियाकरण र दलालीकरणजस्ता सत्ताधारी संसदीय संस्थापनाको दशकौँदेखिको चरित्रले स्थानीय तहसम्म व्यापकता पाएको छ । सन् १९९० को दशकमा गरिबको जनसङ्ख्या ७५ लाख थियो भने आज पनि त्यो ७५ लाख नै छ । समग्र अर्थतन्त्रको वृद्धिदर ६-७ प्रतिशत हुँदा पुँजीपतिवर्गको लगानीको प्रतिफल २५-३० प्रतिशतभन्दा बढी हुनु र वित्तीय पुँजीवादको खुद नाफाको वृद्धिदर ७० प्रतिशतसम्म हुनुले नै आर्थिक असमानता र सम्पत्ति/आयको केन्द्रीकरण बढ्दै गइरहेको तथ्य पुष्टि गर्दछ। राजनीतिक दलका कार्यकर्ता र तलबवाला तथाकथित जनप्रतिनिधि नै ठेकेदार बनी बजेटमा छुट्याइएको ठेक्कापट्टामार्फत राज्यको ढुकुटीमा लूट गरिरहेका छन् । आम जनसमुदायको स्वामित्वको प्राकृतिक स्रोतसाधन (जल, जमिन, जङ्गल, जडीबुटी, ढुङ्गा, बालुवा आदि) माथि राजनीतिकर्मी-व्यापारी-ठेकेदार-कर्मचारी-सुरक्षा निकायले नाफा भागबन्डा गर्ने गरी छद्म वा खुला रूपमा माफिया शैलीमा काम गरिरहेका छन्। यसरी राज्यप्रवर्द्धित दलाल पुँजीवादले निस्फिक्री रूपमा जनतालाई शोषण गरी वास्तविक युद्ध लादिरहेको छ । गरिबी, बेरोजगारी, पछौटेपन र असमानता कुनै पनि युद्धभन्दा कम दर्दनाक हुँदैन। यही युद्ध सत्ताले दशकौँदेखि नेपालीमाथि लादिरहेको छ।

युवालाई भाडामा लगाएर वा बेचेर देश सञ्चालन गर्ने परिपाटी पहिलो र दोस्रो विश्वयुद्धदेखि आजसम्म पनि वैदेशिक रोजगारीका नाममा निरन्तर चलिरहेको छ । यसको मुख्य कारण भनेको जनपक्षीय राजनीतिक दर्शनलाई अवलम्बन नगरिनु, आर्थिक रूपमा उत्पादन, मूल्य सिर्जना एवम् समन्यायिक वितरण नगरिनु, क्रान्तिकारी भूमिसुधार नगरिनु, राष्ट्र वास्तविक रूपमा स्वाधीन नहुनु र वर्गसङ्घर्ष अधकल्चो रूपमा रहिरहनु नै हो । आन्दोलनको समयमा अब देशको शासनभार जनताको हातमा आउँछ, पक्कै आउँछ, विगतमा जस्तो धोका हुँदैन भनेजस्तो महसुस हुने तर २-४ वर्षभित्रमा नै प्रतिगमन भई पुरानै सत्ताको चरित्र र व्यक्ति नै दोहोरिनु राजनीतिक आन्दोलन वारपार हुन नसक्नुकै परिणाम हो।

नेपालमा अहिले पनि गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २८ प्रतिशतभन्दा बढी छ र यसले झन्डै दुई तिहाइ जनतालाई रोजगारीसहित बाँच्ने आधार प्रदान गरेको छ तर भूमिहीनको सङ्ख्या अत्यधिक छ भने हरेक किसान परिवार थप सीमान्तकृत हुँदै गइरहेको छ। औद्योगिकीकरणको जगलाई १९९० को दशकदेखि नै भत्काएर आर्थिक-राजनीतिक परनिर्भरता सिर्जना गरिएको छ । मजदुरलाई बाँच्नै नपुग्ने ज्याला रु. १३,४५०।- दिने घोषणा गरे पनि निजी शिक्षक तथा अन्य कर्मचारीलाई मासिक रु.५-१० हजारमा काम लगाएर ठेकेदारी प्रथामार्फत भाडाका वस्तुजस्तो व्यवहार गर्ने र देशभित्र रोजगारीको अवसर नभएकाले ५० लाख युवा देशबाट पलायन भएका छन्। शिक्षा-स्वास्थ्य क्षेत्रमा दलाल पुँजीले हैकम चलाएको छ भने त्यसका लगानीकर्ता नेता-मन्त्री-कर्मचारी-व्यापारी रहेका छन्। अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढेको देखिए पनि बेरोकतोक नीतिगत भ्रष्टाचारले गर्दा अधिक श्रम शोषण र न्यून तलब दिने, कम रोजगारी प्रदान गर्ने, अत्यधिक मुनाफा कमाउने र त्यसलाई सीमित व्यक्ति/संस्थाको हातमा केन्द्रित गरी आर्थिक असमानता बढाउने कार्य गरिरहेको छ । न्यूनतम मानवअधिकारभित्र पर्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यजस्ता सेवा क्षेत्रमा नै चरम व्यापारीकरण गर्दै नाफा सोहोर्ने, त्यही नाफा तथाकथित चुनावमा भोट खरिद गर्न प्रयोग गर्ने र यो चक्रलाई निरन्तरता दिने कार्य राज्यले योजनाबद्ध ढङ्गले गर्दै आएको छ। बजारमा महँगी, कालोबजारी र उपभोक्ताको शोषण अत्यधिक छ तर तथ्याङ्कले वास्तविकता लुकाउने गरेको छ।

अतः गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता र समावेशीकरण १० बर्से जनयुद्धका उपलब्धि भए पनि उत्तरसाम्राज्यवाद र साम्राज्यवादको भरिया यो सामाजिक दलाल पुँजीवादी सरकारले राष्ट्रियता, जनतन्त्र, जनजीविकामाथि खेलबाड गर्दै यी उपलब्धिहरू शोषित वर्गका पक्षमा नभई जनविरोधी सीमित टाठाबाठाको सत्ता प्राप्तिको साधन बनाएको छ । समावेशीकरण वर्गीय रूपमा गरिनुपर्नेमा नश्लीय रूपमा गरिएको छ भने निगम पुँजीवादले भोको अजिङ्गरझैँ सानासाना प्रतिस्पर्धी व्यवसायलाई निल्दै अगाडि बढेको छ । जनता कृषि क्रान्ति चाहिरहेको छ तर नेता छद्म रूपमा जग्गा प्लटिङ गरिरहेको छ । यसलाई सधैँका लागि किनारा लगाउन वास्तविक लोकतान्त्रिक राजनीतिक शक्तिहरू, पेसाकर्मी, बुद्धिजीवी, किसान, मजदुर, देशभक्त र वामपन्थी शक्तिहरू एकीकृत भई वैज्ञानिक समाजवादी सत्ता स्थापनार्थ अगाडि बढ्नुपर्ने देखिन्छ।

** नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनले देशका विभिन्न स्थानमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्रमा आधारित- सम्पादक ।*

# नेकपा नवलपरासीका इन्चार्ज सुमनसहित दुई गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीका नवलपरासी जिल्ला इन्चार्जसहित दुईजनालाई प्रहरीले गिरफ्तार गरेको छ । पक्राउ पर्नेमा पश्चिम नवलपरासी जिल्ला इन्चार्ज गंगा ज्ञवाली (सुमन) र पूर्वी नवलपरासीका जिल्ला सदस्य धनबहादुर मर्दनिया छन्। दुवैजनालाई सोमबार बेलुका गिरफ्तार गरिएको हो।

बर्दघाट नगरपालिका ४ घर भएका ज्ञवाली परिवारलाई भेट्न आउने क्रममा राती ८ बजे घरनजिकैबाट पक्राउ परेका हुन् । पक्राउ परेका ज्ञवालीलाई जिल्ला प्रहरी कार्यालय परासीमा राखिएको छ। त्यसैगरी पूर्वी नवलपरासी कावासोती नगरपालिका १५ शेरगन्जका मर्दनियालाई घरबाटै पक्राउ गरिएको हो। उनलाई नवलपुर जिल्ला प्रहरी कार्यालयमा राखिएको छ। मर्दनिया सेन्टपोल बोर्डिङ स्कुल गोछडाका शिक्षकसमेत भएको बताइएको छ।

यसैगरी यता काठमाडौँबाट दलित मुक्ति मोर्चा नेपाल काठमाडौँका अध्यक्ष पदम रसाइलीलाई पनि प्रहरीले गिरफ्तार गरेको मोर्चाले जनाएको छ।

# ओली सरकारलाई पुलिस–सेनाले साथ दिनेछैन : बस्न्यात, पूर्वजर्नेल



काठमाडौँ : नेपाली सेनाका पूर्वजर्नेल डा.प्रेमसिंह बस्न्यातले विप्लव नेकपासँगको लडाइँमा केपी वली सरकारले हार्ने विश्लेषण गर्दै अब देशमा लडाइँ भए त्यो लडाइँमा नेपाली सेना र प्रहरीहरूले साथ नदिने बताएका छन्।

राजधानीमा आयोजित एक कार्यक्रममा उनले राजाको समयमा भएको जस्तो नेपाली सेना नभएको दाबी गरे।

वली देशको प्रधानमन्त्री बन्न सक्ने हैसियतको मान्छे नभएको भन्दै डा. बस्न्यातले आफ्नो हैसियतअनुसार काम गर्न वलीलाई अनुरोध पनि गरे।

सीके राउतजस्तो विखण्डनकारीलाई फूलमाला लगाएर गरेको स्वागत राष्ट्रका लागि दुर्भाग्य भएको पूर्वजर्नेल बस्न्यातको भनाइ छ।

अब देशमा द्वन्द्व भए त्यो द्वन्द्वमा नेपाली सेना र प्रहरी लड्ने मुडमा नभएको डा. बस्न्यातको जिकिर छ।

# नेकपा कालीकोटका जनपरिषद् प्रमुख गिरफ्तार

**कालीकोट** : नेपाल कम्युनिस्ट पार्टीले गठन गरेको जनपरिषद्का कालीकोट प्रमुख धनराज शाहीलाई प्रहरीले गिरफ्तार गरेको छ।

पार्टी निकट भेरी-कर्णाली बुद्धिजीवी परिषद्का इन्चार्जसमेत रहेका शाहीलाई प्रहरीले सोमबार बिहान गिरफ्तार गरेको हो । बिहान ११ बजे शाहीलाई कालीकोटकै रातागामबाट गिरफ्तार गरेको जानकारी नेकपा कालीकोटले दिएको छ। शाही बसेको घरलाई प्रहरीले घेरा हालेको थियो । प्रहरीले शाहीलाई मङ्गलबार अदालतमा पेस गर्ने तयारी गरेको छ।

# किसान महासङ्घ (क्रान्तिकारी) का संयोजक कार्की र युवा नेता खतिवडा पुनः गिरफ्तार





काठमाडौँ : अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का केन्द्रीय संयोजक राजु कार्की र पूर्वविद्यार्थी नेता केदार खतिवडालाई प्रहरीले पुनः गिरफ्तार गरेको छ।

कार्कीलाई सोमबार र खतिवडालाई आइतबार काठमाडौँ जिल्ला प्रशासन कार्यालयले आठ-आठ हजार धरौटीमा रिहा गरेलगत्तै प्रहरीले पुनः गिरफ्तार गरेको समाचार प्राप्त भएको हो।

ने.क.पा.का नेतासमेत रहेका कार्कीलाई गत फागुन २१ गते राजधानीको सामाखुसीस्थित डेराबाट सादा पोसाकका प्रहरीको टोलीले गिरफ्तार गरेको थियो।

संयोजक कार्की यसअघि पटकपटक गिरफ्तार पर्दै र रिहा हुँदै आएका थिए । महासङ्घ ने.क.पा. निकट किसानहरूको सङ्गठन हो । नेकपाका ब्युरो सदस्यसमेत रहेका खतिवडालाई प्रहरीले गत फागुन २२ गते काठमाडौँको दरबारमार्गबाट गिरफ्तार गरेको थियो।

# पढाउँदापढाउँदै यादव गिरफ्तार

सप्तरी : शिक्षक तेजनारायण यादवलाई प्रहरीले सोमबार राजविराजबाट गिरफ्तार गरेको छ । विद्यालयमा अध्यापन गरिरहेका यादवलाई प्रहरीले गिरफ्तार गरेको हो।

सप्तरी छिन्नमस्ता २ का शिक्षक यादवलाई पढाउँदापढाउँदै गिरफ्तार गरेको भन्दै नेकपा सप्तरीका इन्चार्ज हिमालले विरोध गरेका छन्। उनले जारी गरेको वक्तव्यमा शिक्षक यादव नेकपा सप्तरीका सदस्यसमेत रहेको उल्लेख छ। यादवलाई तत्काल रिहा गर्न र अन्यथा प्रतिरोधको सामना गर्न उनले सरकारलाई चेतावनी पनि दिएका छन्।

यसैबीच प्रहरीले सोमबारै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी सप्तरीकी संयोजक लछवनावती रामलाई पनि गिरफ्तार गरेको छ । उनलाई सप्तरीको खडक नगरपालिका वडा नं ५ बाट गिरफ्तार गरिएको जानकारी नेकपा सप्तरीका इन्चार्ज हिमालले दिएका छन् । उनले रामलाई पनि तत्काल बिनासर्त रिहा गर्न माग गर्दै रिहा नगरिए आन्दोलन गर्ने चेतावनी पनि दिएका छन्

# प्रगतिशील कार्यान्वयनको आतङ्कमा सीमित प्रचलित ट्रेड युनियन विरासत !

**सरोज न्यौपाने**

**विषय प्रवेश**

कामदार तथा मजदुरहरूले कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने र सामूहिक सौदाबाजी गर्ने अधिकार नेपालको संविधानमा स्पष्ट रूपमा देखिन्छ। यससँगै श्रमिकको श्रम, रोजगारी र ट्रेड युनियन हकले अहरणीय मौलिक हकको मान्यता पाइसकेको पाइन्छ। आम जनतासमेत आआफ्नो आस्थामा आफ्नो हक तथा अधिकार र मुक्तिका निम्ति प्रयत्नशील भेटिन्छन् भने मुक्तिको गौरवपूर्ण प्रस्तावनामा निर्मित मुलुकको यो अवस्थामा पनि प्रत्येकले आआफ्नो आस्था र रोजाइअनुरूपको ट्रेड युनियन हकको प्रत्याभूति प्राप्त गर्न भने सकेको देखिन्न। यसबाट पनि राज्यको श्रमिकमैत्री संवेदनशीलता सहजै प्रस्ट हुन्छ।

ट्रेड युनियनलाई सकेसम्म कानुनी दायरामा कैद गर्न र पटकपटक प्रगतिशील कार्यान्वयनमा जोड दिन अक्सर एकैसाथ प्रयत्न गरिन्छ। लोकतान्त्रिक गणतन्त्र मुलुकको ट्रेड युनियन विरासत लगभग पुरातन निरन्तरतामा अल्झनु र पछिल्लो समयसम्म पनि प्रगतिशील कार्यान्वयनको आतङ्कभित्र मुक्तिको सुन्दर सपना देख्नु श्रमिकको पछिल्लो विवशता बनेको देखिन्छ। श्रमिकको समग्र अवस्था अझ थप रूपमा उत्पीडन स्वीकार्न र फराकिलो लोकतान्त्रिक समाजको साँघुरो गैरलोकतान्त्रिक दमन सहन बाध्यप्रायः बनेको छ। आजभन्दा करिब चार दशक अगाडिको श्रमबजारलाई क्रमशः नियन्त्रण गर्न सञ्चालनमा आएको ट्रेड युनियन ऐनको आफ्नो किसिमको ऐतिहासिक आरोहअवरोह त अध्ययनमा देखिन्छ तर पनि निजीकरण र व्यापारीकरणको आर्थिक प्रणालीले आजको श्रमबजारलाई कहाँदेखि कहाँसम्म पुऱ्याएको र श्रमिक मजदुरहरू पुँजीवादको पछिल्लो अवस्थाअनुरूप विभिन्न प्रकृति र परिधिमा कहाँसम्म पुगेको पक्षलाई सामान्य न्याय दिन नसक्ने ट्रेड युनियन विरासतलाई प्रगतिशील कार्यान्वयनका नाममा कानुनी आतङ्क बनाएको परिदृश्य सहर्ष स्वीकार्य हुन सकेको भने देखिन्न। समयानुकूल मजदुर, स्वरोजगार व्यक्ति र अन्य सम्बन्धित तहलाई उचित न्याय दिने ट्रेड युनियन विरासतको जोडदार माग उठ्न जरुरी देखिन्छ। संवैधानिक मान्यता प्राप्त व्यक्तिका हक तथा अधिकारका सवालमा जिम्मेवार निकाय एवम् नियामक तहले थोरै मात्र पनि ध्यान नदिँदा सम्बन्धित क्षेत्राधिकारमा यसबारेमा पर्याप्त बहस चल्न नपाउँदा र मुलुकले विभिन्न राजनीतिक परिघटनामार्फत अनेक अनुभूतिहरू दिँदै छँदा सचेत नेपाली श्रमिक आन्दोलनको ऐतिहासिक रूपरेखाको उदीयमान विरासतले यथास्थितिमाझ अलमलिएको विद्यमान पुरातन तथा आतङ्कमय ट्रेड युनियन विरासतलाई समयमै क्षतविक्षत गर्न आवश्यक देखिएको पाटोपक्ष थप ओझेलमा राख्न सकिन्न। प्रगतिशील कार्यान्वयनको मान्यतामा पनि कम्तीमा प्रगतिशिल, क्रान्तिकारी तथा नवोदित ट्रेड युनिहरूमार्फत पहलकदमी अघि बढ्न र दलाल सामाजिक पुँजीवादी समाजको सङ्क्रमणकालीन गर्भबाट वैज्ञानिक समाजवाद स्थापनासम्म परिलक्षित बन्न नित्तान्त आवश्यक देखिन्छ। समयसँगै सिङ्गो ट्रेड युनियन प्रवाह यसरी नै चुनौतीमूलक मूलप्रवाहतर्फ मोडिन अग्रसर देखिन्छ।

**नेपालको संविधानमा ट्रेड युनियनको प्रसङ्ग**

सुरुआती दिनमा केही औद्योगिक क्षेत्र र कारखानाका श्रमिकहरूको सम्बन्धित हकअधिकारमाथि नियन्त्रण कायम गरी लगानी जोड्न तत्कालीन अवस्थामा ट्रेड युनियन हकको सन्दर्भ उठ्दै गर्दा मुलुकको संविधान यस विषयमा अपेक्षाकृत मौन देखिन्न। समयको गतिसँगै नेपालले आईएलओ अवधारणासँग सम्बन्ध बढाएपछि मजदुरहरूको ट्रेड युनियन व्यवस्था आशातित रूपमा अघि बढेको देखिन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १८४८ अन्तर्राष्ट्रिय स्तरमा प्रत्येकका निम्ति सङ्घसंस्था खोल्ने अधिकार प्रदान गरेसँगै भारतमा सन् १९२६ मा ट्रेड युनियन ऐन पारित भएको इतिहास भेटिन्छ। यस्तै विसं २०१८ मा नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन निर्माण भै पञ्चायत्कालपछि मात्र ट्रेड युनियन ऐनको सुरुआत भएको देखिन्छ। जब श्रम ऐन २०४८ जारी भयो ट्रेड युनियन ऐन ०४९ त्यसलगत्तै निर्माण हुन पुगेको देखिन्छ। मजदुर श्रमिकहरू शोषण, दमन र यथास्थितिको मानसिकताबाट विद्रोहभावमा उत्रँदै ठूला बलिदानीमा भाग लिँदै राजनीतिक उथलपुथलसम्म पुगेपछिको समय मुलुकले आजको अवस्थामा अवतरण पाएको देखिन्छ। ट्रेड युनियन विरासतसमेतको अतुलनीय योगदानमा सिर्जित पछिल्लो राजनीतिक तथा सामाजिक परावर्तनसँगै नेपालको संविधानले प्रस्तावना तहमा ट्रेड युनियन हकलाई नछुटाई समावेश गरेको छ भने भाग तीनअन्तर्गतको मौलिक हक खण्डमा विषयले आधिकारिक रूपमा स्थान पाएको स्पष्ट देख्न सकिन्छ। भाग चारअन्तर्गतको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व खण्ड जुन मुलुकको मार्गनिर्देशक प्रस्तावना मानिन्छ, उक्त तहमा समेत श्रम, उचित पारिश्रमिक, ट्रेड युनियनको स्वतन्त्रता एवम् श्रमिक तथा योगदानकर्ताको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रसङ्गले अडिग स्थान पाएको छ। प्रसङ्गबस यहाँ उल्लेख गर्न खोजेको विषय समूल कानुनको विशेष महत्वको स्थानबाट मजदुर श्रमजीवीहरूको हकअधिकारसँग सम्बन्धित पक्षको सानदार उठानसँगसँगै श्रमको उच्च कदर गर्ने आर्थिक प्रणालीसहितको नेपाली समाजको दूरदर्शी परिकल्पना पेस हुन्छ। त्यसको महत्वको कारणले ट्रेड युनियन विरासतलाई यथास्थितिको आतङ्कित मुठभेडबाट समयमै क्रमभङ्ग गरी अगाडि लैजान आवश्यक देखिन्छ। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको भूमिका उल्लेख भएबमोजिम प्रगतिशील कार्यान्वयनको दिशामा आक्रामक र अग्रसर भई अघि बढाउन जरुरी देखिन्छ।

**उद्देश्य, कर्तव्य र लक्ष्यमा विकास**

कामदार तथा ट्रेड युनियनप्रति गरिएको उत्पीडनलाई हल गर्ने लक्ष्य लिएको ऐन २०४९ को दफा ९ बमोजिम ट्रेड युनियनले श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति र व्यावसायिक क्षेत्रलाई आर्थिक र सामाजिक समुन्नति प्रदान गर्ने उद्देश्य लिएको पाइन्छ। यसका साथै उत्पादकत्व वृद्धि, विकास र प्रस्तावनाअनुरूप संरक्षण तथा संवर्द्धनका निम्ति कार्यरत रहने पनि उल्लेख गरिएको देखिन्छ। यसका अतिरिक्त कर्तव्यनिष्ठ, अनुशासित र नैतिक पक्षमा समेत उद्देश्य थप कटिबद्ध देखिएको पाइन्छ। आवश्यक श्रमनीति, कार्यक्रम र योजना तय गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म सम्बन्ध स्थापित गर्ने लक्ष्यअनुरूप मूलतः त्यससम्बन्धमा आवश्यकीय अन्य विभिन्न र अतिरिक्त काम, कर्तव्य र अधिकारमार्फत ट्रेड युनियन सर्वपक्षीय उत्पीडनबाट मुक्त समाजको परिकल्पनामा तदारुकता कायम राख्न चाहन्छ। परिवर्तित समय र घटनाक्रमसँग अन्तर्घुलन कायम राख्ने ऐनका प्रगतिशील पाटा-पक्षमा शब्दमा चित्रण नभएको देखिए पनि यसको विभिन्न पक्षमाथि समयानुकूल विकास आवश्यक देखिन्छ। विशेष महत्वको विषय यथास्थितिमा सीमाबद्ध ट्रेड युनियन व्यवस्थालाई थप प्रगतिशील कार्यान्वयनमा लैजान, विभिन्न नवोदित क्रान्तिकारी सामाजिक तथा राजनीतिक नीति तथा कार्यक्रमसँग निर्धक्क आस्था कायम राख्नसक्ने दिशानिर्देश ऐनको उद्देश्य, लक्ष्य र नीति तथा कार्यक्रमअन्तर्गत अधिकारका रूपमा रहनुपर्ने देखिन्छ। हरेक नवोदित क्रान्तिकारी आस्था र लक्ष्यमाथि हुनेगरेका निषेधहरूको अन्त्य ऐनको गतिशील नीतिमा स्पष्ट हुन जरुरी देखिन्छ।

क्रमशः

# नेकपा पूर्वी कमान्डले गऱ्यो दुईमहिने अभियानको समीक्षा

■ **रातो खबर संवाददाता**/काठमाडौँ




नेपाल कम्युनिस्ट पार्टीको पूर्वी कमान्डले अभियान समीक्षा सम्पन्न भएको छ। पार्टी केन्द्रीय कार्यक्रमअनुसार सम्पन्न २ महिने अभियान 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान-२' को समीक्षा सम्पन्न भएको हो।

पार्टीको पूर्वी कमान्ड प्रथम द्वैमासिक समीक्षा तथा बिदाइ कार्यक्रम चैत ८ गते जनकपुर ब्युरोमा सम्पन्न भएको नेकपा पूर्वी कमान्डले जनाएको छ। समीक्षा कार्यक्रमका प्रमुख अथिति पूर्वी कमान्ड इन्चार्ज अनिल विरहीले 'अभियान- २' ले पूर्वी कमान्डको सङ्गठन विस्तार र सुदृढीकरणलाई एक स्तरमा माथि उठाएको र एकीकृत जनक्रान्ति कार्यदिशालाई स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन्।

समीक्षा कार्यक्रममा पार्टीकी पीबीएम तथा जनकपुर ब्युरोअन्तर्गत अभियानकी कमान्डर उमा भुजेल 'शिलु' ले अभियानले पार्टीलाई जनताको तल्लो स्तरसम्म स्थापित गरेको, पार्टीको कार्यदिशा जनस्तरमा स्थापित गरेको र आन्तरिक पङ्क्तिलाई सुदृढ तथा रूपान्तरण गरेको बताइन्।

अभियानकी कमान्डर शिलुका अनुसार-अभियान टोलीमा ८५ जना कार्यकर्ता परिचालन, टोलीको आवधिक समीक्षा ७ वटा, २ हजार ५ सय ७० जनालाई सदस्यता वितरण, जनवर्गीय सङ्गठन निर्माण २ सय ६१ वटा, पार्टी सेल समिति निर्माण २७ वटा, नारा लेखन (वालिङ) १ हजार ११ स्थानमा, पिँढीसभा-कोणसभा ३ सय ७५ वटा, पार्टीको अपिल वितरण १३ हजार ५ सय प्रति, पूर्णकालीन कार्यकर्ता उत्पादन १४ जना, जनश्रमदान ८ वटा, उत्पादनकार्यमा रु. १ लाख २० हजार, रातो खबर वितरण ४ सय प्रति, मार्क्सवादी साहित्य वितरण ४५ हजार रुपैयाँबराबर र रातो सुखानी मासिक एक सय प्रति वितरण गरिएको थियो।

मेची ब्युरोमा सामना परिवारसहित ८४ जना कार्यकर्ता परिचालन, श्रमदान २ वटा, पार्टीको अपिल वितरण ५ हजार प्रति, नारा लेखन (वालिङ) १ सय स्थानमा, सांस्कृतिक कार्यक्रम १९ स्थानमा, पिँढीसभा-कोणसभा २२ वटा, सङ्गठन निर्माण १ सय ४४ वटा, पार्टी सेल समिति निर्माण १० वटा, पूर्णकालीन कार्यकर्ता उत्पादन २ जना, युवा कार्यकर्ता उत्पादन ८ जना, आवधिक समीक्षा ५ वटा, रातो खबर वितरण २ सय प्रति, रातो सुखानी वितरण २ सय प्रति, जनसभा ८ ठाउँमा भएको जानकारी अभियान टोली प्रमुख तथा पीबीएम निर्माणले दिएका छन्।

कोसी ब्युरोमा ६१ जना कार्यकर्ता अभियानमा क्रियाशील, सङ्गठन निर्माण १ सय ४४ वटा, पूर्णकालीन कार्यकर्ता उत्पादन २ जना, पार्टीको अपिल वितरण ५ हजार प्रति, नारा लेखन (वालिङ) १ सय स्थानमा, सांस्कृतिक सभा १८ स्थानमा, पिँढीसभा-कोणसभा १ सय १५ स्थानमा, आवधिक समीक्षा ४ वटा, रातो खबर वितरण २ सय प्रति, रातो सुखानी वितरण २ सय प्रति, जनसभा १२ स्थानमा भएको जानकारी अभियान टोली प्रमुख आधारले दिएका छन्।

सगरमाथा ब्युरोमा पनि अभियान भव्य रूपले सम्पन्न भएको खबर प्राप्त भएको छ। अभियानका क्रममा सामाजिक दलाल फासिवादी सरकारले २५ जना कार्यकर्ता तथा अभियान टोली सदस्यलाई गिरफ्तार गरेर झूट्टा मुद्दा लगाएको थियो।

कमान्डस्तरीय समीक्षा कार्यक्रम सक्नुअघि चारवटै ब्युरो मा २ महिने समीक्षा तथा समापन कार्यक्रम सम्पन्न भएको थियो। त्यसक्रममा चैत ४ गते चुलाचुली-६, फुङ्नाम, इलाममा मेची ब्युरोको समीक्षा समापन भयो।

इलाम प्रहरीले फुङ्नाममा स्थानीय जनतालाई सङ्कटकालमा झैँ आक्रमण, तोडफोड गर्दै ३ वटा मोटरसाइकल लुटेको मेची ब्युरोका नेता ताराले बताएका छन्। त्यसैगरी कोसी ब्युरोको समीक्षा तथा समापन चैत ३ गते मिक्लाजुङ गाउँपालिका, वडा नं. १ मा सम्पन्न भएको थियो।

समीक्षा कार्यक्रम सम्पन्न भएको २ दिनपछि उक्त स्थानमा प्रहरी पुगेर जनतालाई तर्साउने काम गऱ्यो। त्यसैगरी चैत ३ गते जनकपुर ब्युरोको समीक्षा तथा बिदाइ कार्यक्रम सम्पन्न भएको जानकारी अभियान टोली कमान्डर शिलुले दिएकी छिन्।

पूर्वी कमान्डको समीक्षा तथा बिदाइ कार्यक्रममा केन्द्रीय सदस्यहरु आधार, निर्मल, देवनारायण र ब्युरो सदस्यहरु तारा तथा पुष्करको उपस्थिति थियो।

पूर्वी कमान्डको समीक्षात्मक बैठकमा सहभागीहरुले आआफ्नो कार्यक्षेत्रको प्रगति विवरण प्रस्तुत गरेका थिए। माघ १ गतेदेखि सञ्चालित उक्त अभियान २ महिनाभन्दा बढी तोकिएको स्थानमा सम्पन्न भएको थियो। अर्को थप दुईमहिने अभियान तत्काल सुरु हुने नेकपाको पूर्वी कमान्डले जनाएको छ।

## अभियात्रीलाई भोजपुरे खुकुरी उपहार

**उदयपुर** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा पार्टी सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान उदयपुरका प्रमुख सञ्जीवले केपी वली सरकारले सत्ता सङ्कटमा पर्दै गएपछि विदेशी मालिकहरूलाई रिझाउन नेकपामाथि प्रतिबन्ध लगाएको बताएका छन्। उनले नेकपा जनतामा स्थापित भएको र जनतामा नेकपाप्रति नयाँ आकर्षण पैदा भएको पनि बताएका छन्।

उदयपुरको कटारी नगरपालिका १३ मयङ्खुमा सोमबार पार्टी अभियानको समीक्षा कार्यक्रममा १९ अभियात्रीलाई मायाको चिनोस्वरूप भोजपुरे खुकुरी प्रदान गर्दै नेता सञ्जीवले दलाल पुँजीवादी सत्ताप्रति जनताको विकर्षण बढेको र एकीकृत जनक्रान्ति सफलताको दिशातिर अघि बढेको पनि बताए।

उदयपुरबाट प्राप्त समाचारअनुसार अभियानमा सहभागी ५२ जनामध्ये सामना परिवारका १२ र पार्टीका सातजना कार्यकर्तालाई क्रान्तिमा सहयोगी सामानका रूपमा भोजपुरे खुकुरी प्रदान गरिएको थियो।

समीक्षा कार्यक्रममा अभियान टोलीका प्रमुख र सहायक गरी ६ जनाले रिपोर्टिङ गरेका थिए भने नेता सञ्जीवले प्रगति विवरणसहित अभियानको संश्लेषण गरेका थिए।

दुईमहिने अभियानमा जिल्लाभरिमा पार्टी, सङ्गठन र मोर्चासमेत तीन सय ६० भन्दा बढी सङ्गठन निर्माण भएको र एक हजार आठ सयभन्दा बढी सदस्यता वितरण गरिएको समाचारमा जनाइएको छ। अभियात्रीहरूलाई बाटोखर्चसहित बिदाइ गरिएको जानकारी नेता सञ्जीवले रातो खबरलाई दिएका छन्।

# सुरक्षा निकायमाथि आक्रमण गर्ने योजना छैन : नेकपा

## गिरफ्तारहरूलाई रिहा नगरिए जनप्रतिरोधको कारबाही अघि बढाउने चेतावनी

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो आन्दोलनको निशाना दलाल पुँजीवाद भएको भन्दै अहिले प्रहरी तथा कुनै पनि सुरक्षा निकायमाथि आक्रमण गर्ने योजना नभएको स्पष्ट पारेको छ। उक्त पार्टीका स्थायी समिति सदस्य तथा मध्य केन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले चैत ७ गते बिहीबार प्रेसविज्ञप्ति जारी गर्दै आफ्नो पार्टीको निशाना दलाल पुँजीवादी, कालोबजारी, भ्रष्टाचारी र बलात्कारीहरू रहेको तर सेना, प्रहरी वा कुनै पनि सुरक्षा निकाय लक्षित आक्रमण गर्ने नीति नभएको स्पष्ट पारेका छन्।

सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि उत्पन्न परिस्थितिले देश गृहयुद्धमा जाने सर्वत्र चिन्ता गरिएको बेला नेता सुदर्शनले जनता, क्रान्तिकारी शक्ति, देशभक्तहरू, सच्चा लोकतन्त्रवादीहरूको समेत ध्यानाकर्षण पनि गराएका छन्। साथै उनले आफ्नो पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की 'जीवन्त' लगायत गिरफ्तार गरिएका सम्पूर्ण नेता-कार्यकर्ताहरूको रिहाइको माग गरेका छन्। सरकारले गिरफ्तार गरिएहरूलाई तुरुन्त रिहा नगरेमा कुनै पनि जनप्रतिरोधको कारबाही अघि बढाउन बाध्य हुने चेतावनी सुदर्शनले दिएका छन्।

हालै काभ्रेमा प्रहरी र नेकपाका कार्यकर्ताबीच गोली हानाहान भएको भनी प्रचारित समाचारलाई लिएर प्रहरी आफैँले एकतर्फी गोली चलाएर जबाफी कारबाही गरेको बकबास गरेको कुरा पनि सुदर्शनको विज्ञप्तिमा उल्लेख छ।

प्रेस-विज्ञप्तिको पूर्णपाठ यस्तो छ :

नेपाली उत्पीडित तथा श्रमजीवी जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीले केपी-पीके सरकार सामाजिक दलाल पुँजीवादबाट सामाजिक फासिवादतर्फ पतन हुँदैछ भनी गरेको संश्लेषण वर्तमान घटनाक्रममले राम्रोसँग पुष्टि गरेको छ। हाम्रो पार्टीको गतिविधिमाथि नियन्त्रणका नाममा देशमाथि नै प्रतिबन्ध लगाउनु फासिवादको भद्दा नमुना हो। फागुन २८ गते हाम्रो पार्टी र नेपाली जनताका लागि कालो दिनका रूपमा इङ्गित भएको छ। पार्टीमाथि प्रतिबन्ध लगाएलगत्तै हाम्रो पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की जीवन्तलगायत दर्जनौँ कमरेडहरूलाई गिरफ्तार गरिसकेको छ। यही सिलसिलामा पछिल्लो घटना काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिकाको काफलडाँडामा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा रहेका अभियानकर्मी विशाल तामाङ, नुमबहादुर विक, शिव धिमाल र दीपेन्द्र राईलाई पक्राउ गरेको छ। निहत्था, निःशस्त्र अभियानकर्मीले पहिले नै गोली चलाएकाले प्रहरीले जबाफी गोली चलाएको बकबास गरिएको छ। यो झूट्टा बकबास जनयुद्धकालमा लगाइएको सङ्कटकाललाई स्मरण गराएको छ। अहिले प्रहरी तथा कुनै पनि सुरक्षा निकायमाथि आक्रमण गर्ने पार्टीको नीति नै नरहेको र दलाल पुँजीवादका विरुद्ध हाम्रो आन्दोलन चलिरहेको अवस्थामा प्रहरी आफैले एकतर्फी गोली चलाएर जबाफी कारबाही गरेको बकबास गरेको छ। सीआईबीका नाममा परिचालित सरकारी खुफिया एजेन्सीले जनयुद्धकालमा सेनाको भैरवनाथ गणको भूमिका निर्वाह गर्न थालेको प्रत्यक्ष अनुभूति हुन थालेको छ। यसकारण हामी यो सरकार, गृह प्रशासन, गृह प्रशासनअन्तर्गत विभिन्न सुरक्षा निकायका प्रमुख अधिकारीहरूले देशलाई गृहयुद्धमा धकेलेर भ्रष्टाचार, कालोबजार, बलात्कार र अत्याचारलाई लुकाउन तथा यी अपराधहरूलाई संस्थागत गर्न खोजेको कुरा आमजनसमुदायमा अवगत गराउन चाहन्छौँ। यसका साथै हाम्रो पार्टीका नेता तथा कार्यकर्ताहरूको शीघ्र रिहाइका लागि आदरणीय जनसमुदाय, क्रान्तिकारी शक्ति, देशभक्तहरू, सच्चा लोकतन्त्रवादीहरूको ध्यानाकर्षण गराउन चाहन्छौँ। यो सरकारले उहाँहरूलाई तुरुन्त रिहा नगरेमा कुनै पनि जनप्रतिरोधको कारबाही अघि बढाउन बाध्य हुनेछौँ।

• पुस्तक परिचय

# क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ

## फासिवादविरुद्ध बलिदानीपूर्ण सङ्घर्षको सनसनीपूर्ण गाथा



अशोक सुवेदी

जेता-नेतादि सबले मर्नु साझा सबैको ।
सब शव गई बस्तछन् एक दिन काखमा चिताको ॥
किन डरूँ मृत्युदेखि मर्न कम्मर कसेको ।
हुँ एक वीर पुत्र म पनि वीर माँ नेपालको ॥
सहिद गङ्गालाल श्रेष्ठ

**विषय परिचय**

नेपालीहरूले विभिन्नखाले अन्याय, अत्याचार, विभेद र शोषणविरुद्ध गौरवपूर्ण सङ्घर्ष गर्दै आएका छन् र आंशिक रूपमै भए पनि विजय पनि हासिल गर्दै आएका छन् । जनताले जहिले पनि विद्रोह, युद्ध र क्रान्तिहरूमा इमानदारीपूर्वक साथ पनि दिँदै आएको छ तर नेतृत्वको धोकाधडीले जहिल्यै पनि स्वेच्छाचारी सत्ता बदनाम सम्झौता हुने र सङ्घर्षमा बगेको रगतको अपमान हुने गरेको इतिहास बारम्बार दोहोरिँदै आएको छ । राणा शासक जङ्गबहादुरको हुकुमी शासनविरुद्ध लखन थापाले गरेको विद्रोह होस् वा चन्द्रशमशेरको हुकुमी शासनका विरुद्ध मकैपर्वका लेखक कृष्णलाल अधिकारीले गरेको विद्रोह होस्, बलिदानीको इतिहास गौरवमय छ । त्यस्तै गौरशाली इतिहास बोकेको सङ्घर्ष हो १९९७ सालको ऐतिहासिक सहिदपर्व । गङ्गालाल त्यही ऐतिहासिक पर्वका एक कुशल बौद्धिक योद्धा थिए र उनले निरङ्कुश राणाशाहीको अन्त्य र मुलुकमा जनतन्त्र प्राप्तिका लागि हाँसीहाँसी बलिदान गरेका थिए । तिनै वीर योद्धाको गाथावरिपरि घुमेको ऐतिहासिक पुस्तक हो क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ । यो ग्रन्थाकार ऐतिहासिक पुस्तक गङ्गालाल श्रेष्ठको जन्मशताब्दीको अवसर पारेर यही चैत ३ गते प्रकाशनमा आएको छ । यो एक महत्वपूर्ण काम हो ।

**विषय विस्तार**

फेरि पनि प्रकारान्तरले राणाशासन फर्किएको अवस्था छ । छद्म तथा आडम्बरी कम्युनिस्ट नामको अत्याचारी सत्ताविरुद्ध आन्दोलन, सङ्घर्ष र क्रान्ति आरम्भ भएको मौसम छ । अर्थात् भनौँ सत्ता समाजवादको पगरी गुथेर स्वेच्छाचारी बन्दै बौलाएको र विद्रोहीहरू सत्ता उलटपालटका लागि घनीभूत रूपमा क्रान्तिमा लागेको मौसम छ । यस्तो मौसम भनेको महाविपत्ति हुँदै सत्ता उलटपुलट र बलिदानसम्मको मौसम हो । थाहा नहुने रहेछ, विद्रोह, क्रान्तिमा बलिदान कसको भागमा पर्छ र सत्ता कसको भागमा ? एक सय चार वर्षसम्म नेपाल र नेपाली जनतामाथि राइँदाइँ गरी निरङ्कुश शासन लाद्ने राणाशासकहरूका विरुद्ध बलिदान गर्ने गङ्गालाल, दरशथ चन्द, शुक्रराज र धर्मभक्त माथेमाले राणाशासनको अन्त्यपछि जंगबहादुरकै सन्तान पदमशमशेर प्रधानमन्त्री हुनेछ भन्ने दुःस्वप्न अवश्य देखेका थिएनन् । त्यस्तो हुन्थ्यो भने उनीहरूले क्रान्तिको शैली नै बदल्ने थिए अर्थात् शान्तिपूर्ण नभएर हतियारबद्ध क्रान्तिको बाटो रोज्ने थिए किनकि दशरथचन्दहरूले त भारतीय क्रान्तिकारी नेताहरूसँग भेटघाट र छलफलसमेत गरिसकेका थिए तर उनीहरूलाई शान्तिपूर्ण आन्दोलनबाटै सत्ता परिवर्तन हुन्छ भन्ने भ्रम थियो । फलस्वरूप क्रान्तिकारीहरूलाई धोका भयो । देशलाई धोका भयो । सहिदहरूको सपनामाथि तुसारापात भयो । राणा, राजा र काङ्ग्रेसबीच दिल्लीमा भएको त्रिपक्षीय सम्झौताअनुसार राणाशासनविरुद्धको सङ्घर्षपछि पनि सत्तामा राजा र राणाहरू नै स्थापित भए र सत्ताको बिलो लगाएर क्रान्तिकारी सपनामाथि तुसारापात गरे । जिउँदा सहिद भनिएकाहरूले सायद पछि सोचे होलान्- सङ्घर्षको स्वरूप अवैध अर्थात् हतियारबद्ध भएको भए राणाशासकहरूसँग, राजाहरूसँग यतिविघ्न झुक्नुपर्ने थिएन । राणाशासनको अन्त्यका लागि खुलेको पार्टी प्रजापरिषद्मा तत्कालीन राजा त्रिभुवनको पनि नाउँ थियो तर विद्रोहीहरू, आफ्ना सहयोद्धालाई फाँसी दिन राणाहरूले तयार पारेको कागजमा त्रिभुवन आफैँले हस्ताक्षर गरिदिए । धोका र गद्दारीको योभन्दा पराकाष्ठा अरु के हुन्छ ?

आज ठीक त्यस्तै भएको छ । झापा विद्रोहका अगुवामध्येका एकजना केपी वलीले झापा विद्रोह भएको एक दशक पनि नपुग्दै उक्त विद्रोहप्रति पश्चाताप गरेको ४० वर्ष पुगेको छ र त्यसैको जगमा २०५२ सालमा आरम्भ भएको जनयुद्धका तत्कालीन नायक पुष्पकमल दाहालले पनि प्रकारान्तरले जनयुद्धप्रति पश्चाताप गरिरहेका छन् । जनसत्ता, जनसेना, जनसरकार, रगतसँग साटिएका हतियार, सहिद, बेपत्ता, घाइते अपाङ्ग र उत्पीडित जनताको सपनासँग बुर्जुवा सत्ता साटेका पुष्पकमल दाहाल अब जनयुद्धको इतिहाससँग आफ्नो नाउँ अलग पार्न र साम्राज्यवादी कलो ओस्कर पुरस्कारका लागि दौडधूपमा लागिसकेका छन् । यस्तै अवस्थामा सहिद गङ्गालाललगायतको सङ्घर्ष र राणाशासनको अन्त्यतिरका गतिविधि झल्काउने यो पुस्तक प्रकाशन भएको छ ।

मौसम त्यस्तै छ । महान् विचारक कार्ल मार्क्सले भन्नुभएझैँ इतिहासले फेरि एकपटक मजाक गरेको छ । दलाल संसदीय व्यवस्था र त्यसको मोहरा बनेको सामन्ती राजतन्त्रका विरुद्धको जनयुद्धमा दसौँ हजार गङ्गालालहरूको बलिदान भयो तर फेरि २००७ सालमा राणाहरू सत्तासीन भएझैँ गणतन्त्र दुत्कार्ने र युद्धलाई आतङ्क देख्ने केपी वलीहरूले केही पुष्पकमल दाहालहरूलाई किनेर सत्ता हत्याएका छन् । सत्तामा जनता रहनुपर्ने थियो तर दलाल पुँजीवाद हाबी भएको छ । गणतन्त्रका लागि योगदाननै नगरेका, इतिहासप्रति पश्चाताप गरिसकेका केपी वली र पुष्पकमल दाहालहरू सत्ताको घोडा चढेर क्रान्तिकारीहरूमाथि चाबुक मारिरहेका छन् । इतिहासले फेरि एकपटक नराम्रोसित मजाक गरेको छ ।

इतिहासले यस्तै मजाक गरिरहेको समयमा क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठको जन्मशताब्दी दिवस आएको छ र उनको स्मृतिमा एउटा विशेष प्रकाशन आएको छ- क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ ।

यो महिना नेपालका प्रथम विद्यार्थी सहिद गङ्गालाल श्रेष्ठको जन्मशताब्दी वर्ष हो । गएको वर्ष हामीले अक्टोबरक्रान्तिको शतवार्षिकी महोत्सव मनायौँ भने यो वर्ष महान् विचारक कार्ल मार्क्सको जन्म द्विशतवार्षिकी वर्ष मनाइरहेका छौँ । महान् मानिसहरूको जन्मउत्सव मनाउनु उनीहरूलाई सम्झिनु मात्र होइन, उनीहरूले देखाएको बाटोमा हिँड्ने प्रतिबद्धता व्यक्त गर्नु पनि हो । त्यसमा आफूलाई हृदयैदेखि समर्पित गरी चुनौतहरू सामना गर्न तयार पार्नु पनि हो । यस अर्थमा कार्ल मार्क्सको जन्म द्विशतवार्षिकी वर्ष मनाउनु, अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी मनाउनु र गङ्गालाल श्रेष्ठको जन्म शतवार्षिकी मनाउनुको अर्थ उनीहरूले रोजेको विचार, मार्ग र सपनाको बाटो हिँड्न तयार हुनु हो । यो सङ्क्षिप्त टिप्पणीमा यही साता प्रकाशनमा आएको क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ शीर्षकमा प्रकाशित पुस्तकको सङ्क्षिप्त परिचय दिनु हो ।

**पुस्तक परिचय**

क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ पुस्तक सहिद गङ्गालाल श्रेष्ठको जन्मशताब्दी विशेषाङ्क हो । सहिद गङ्गालाल श्रेष्ठ जन्मशताब्दी आयोजना समिति प्रकाशक रहेको यस ग्रन्थाकार पुस्तकका प्रधान सम्पादक पूर्ववामपन्थी नेता, पत्रकार एवम् साहित्यकार अरविन्द रिमाल रहेका छन् । जन्मशताब्दी आयोजना समितिमा संरक्षकका रूपमा पुष्पलता श्रेष्ठ, सल्लाहकारमा गङ्गालाल-पुष्पलालका कान्छा भाइ विजयलाल श्रेष्ठ, संयोजकमा हिरण्यलाल श्रेष्ठसमेत रहेका छन् भने सम्पादन समितिमा भाषा सम्पादक हरि गौतम, हिरण्यलाल श्रेष्ठलगायत रहेका छन् ।

४७० पृष्ठको ग्रन्थाकार यस पुस्तकमा अरविन्द रिमाल, अशोक सुवेदी, इरोज श्रेष्ठ, खड्गमान सिंह, गणेशमान सिंह, गोविन्द ज्ञवाली, गोविन्दप्रसाद उपाध्याय, चित्तरञ्जन नेपाली, डा. जयराज आचार्य, डा. तुलसी भट्टराई, दमननाथ ढुंगाना, देवशंकर पौडेल, डिल्लीराम मिश्र, बमसिंह रानाभाट, प्रा. डा. भवेश्वर पंगेनी, भुवन चन्द ठकुरी, भैरव रिसाल, प्रा. डा. राजेश गौतम, राजेन्द्रबहादुर श्रेष्ठ, लोककृष्ण भट्टराई, शान्ता श्रेष्ठ, शीतल गिरी, सत्यमोहन जोशी, सिद्धिचरण श्रेष्ठ, सीपी मैनाली, सुकुम शर्मा, प्रा. डा. सुरेन्द्र केसी, सूब सेन, सूर्यप्रसाद श्रेष्ठ, सूर्य थापा, हरि गौतम, हस्तबहादुर केसी, हिरण्यलाल श्रेष्ठ, हेमराज अधिकारी, दुर्गालाल श्रेष्ठ र मामिसका नेपाली भाषाका गहन, वैचारिक, जानकारीमूलक, इतिहाससम्बन्धी रचनाहरू रहेका छन् । त्यस्तै विजयलाल श्रेष्ठ, चिरञ्जीवीलाल श्रेष्ठ, प्रशान्त श्रेष्ठ र पूर्णप्रसाद बिष्टका गङ्गालालको जीवनी र इतिहससम्बन्धी अङ्ग्रेजी भाषाका लेखहरू छन् भने तस्बिर खण्डमा गङ्गालाल-पुष्पलाल र उनीहरूका परिवारका तस्बिर तथा परिशिष्ट खण्डमा राणाविरोधी सङ्घर्षका क्रममा स्थापित नेपाल प्रजापरिषद्ले छेरेका पर्चालगायत ऐतिहासिक सामग्री समावेश गरिएको छ । यसरी यो ग्रन्थको चार खण्डमा संयोजन गरिएको छ ।

**मध्यान्तर**

हामी सबैलाई थाहा छ गङ्गालाल श्रेष्ठ नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनको इतिहासका एक क्रान्तिकारी योद्धा र सहिद हुन् । उनलाई नेपालका प्रथम विद्यार्थी सहिद पनि मानिएको छ । राणाविरोधी सङ्घर्षका क्रममा बलिदान गर्ने दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीमध्ये गङ्गालाल सबैभन्दा कान्छो उमेर, २२ वर्षका लक्का जवान थिए । यो पुस्तकमा सहिद गङ्गालाल श्रेष्ठलाई क्रान्तिवीर प्रमाणित गर्ने क्रममा लेखकहरूले तत्कालीन राणा शासनको क्रूरता, त्यसका विरुद्धको सङ्घर्षको अवस्था, प्रथम सांस्कृतिक सहिद कृष्णलाल अधिकारी, मकै पर्व हुँदै प्रजापरिषद् र त्यसका अगुवाहरू टङ्कप्रसाद आचार्य, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमा, गणेशमान सिंहलगायत दसौँजनाको जीवनीको पनि चर्चा गरेका छन् ।

पुस्तकका प्रधानसम्पादकसमेत रहेका पत्रकार अरविन्द रिमालले अतुल्य क्रान्तिवीर गङ्गालाल शीर्षकमा लेखेका छन्, 'गङ्गालालले आफ्नो प्यारो ढोकाटोलकै बाटो आफ्नो जीवनयात्राको अन्तिम थलो शोभाभगवती मन्दिरनिर विष्णुमती नदीतट जाँदा आफ्नो प्रिय जीवनसँगिनीसँग 'हसिना' को सम्बोधनद्वारा अन्तिम बिदाइ लिँदै राणा शासनलाई धिक्कारेका थिए । दशरथ चन्दले पनि आफ्नो प्रेमिका जुलियाना राणाले आफैँले बनाएर पठाएकी चीडबुट्टे खास्टो ओढेर राणाशाहीको पतन अवश्यम्भावी भएको हुँकार गर्दै सोही थलोमा गोली थाप्दै सहादत वरण गरेका थिए । शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द तथा गङ्गालाल विरुद्ध भौतिक आतङ्क चलाउन नपुगी ज्यानै समेत लिएर राणाशासनले देशमा मनोवैज्ञानिक आतङ्क मच्चायो । त्यस्तो मानव मर्यादालाई रछ्यानमा फाली उसको मनोबललाई पूरापूर गिराइदिन गरिएको थियो । तर यस कर्तुतबाट त राणाशासनमाथि त्यसले चिताएको भन्दा उल्टै असर पर्‍यो । चार सहिद र ज्यूँदा सहिद टङ्कप्रसादका र उनका सबै राजनीतिक सहयोगीको नाम, कीर्ति एवम् यश देशभरि फैलिँदै गयो । सिफल, पचली तथा शोभाभगवतीनेर आफ्ना विरोधीहरू सर्वथा निसस्त्र एवम् आत्मरक्षाको साधनै नभएको अवस्थामा हुँदाको लडाइँमा पनि राणाशासन लाजमर्दो गरी हारेको थियो ।' क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ, पृ. ७

**उत्कर्ष**

अन्त्यमा यसै पुस्तकमा समेटिएको यस लेखकको एक अंशसहित यो सङक्षिप्त परिचय यहीँ टुङ्ग्याउने अनुमति माग्छु- इतिहास निर्माणमा विरलै मात्र यस्ता पात्र वा व्यक्तित्वहरूको योगदान रहेको हुन्छ जसको जीवन नै ऊर्जाशील र प्रेरणादायी हुन्छ । उनीहरूको जीवनी नै गौरवशाली पनि हुन्छ । नेपालको राजनीतिक इतिहास निर्माण गर्ने महान् यात्रामा गङ्गालाल श्रेष्ठको योगदान त्यस्तो त्यागमय, ऊर्जाशील र प्रेरणादायी रहेको छ ।

नेपालमा माघ १६ गतेलाई सहिद दिवसका रूपमा मनाउने गरिएको छ यद्यपि तत्कालीन नेकपा (माओवादी) को आह्वानमा जनयुद्ध आरम्भ भएपछि तत्कालीन नेकपा (माओवादी) ले फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउँदै आएको इतिहास छ । हाल यसलाई नेपाल कम्युनिस्ट पार्टीले अघि बढाइरहेको छ । माघ १६ राणा शासनका विरुद्ध सङ्घर्ष गर्ने योद्धाहरू गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाले बलिदान गरेको साताको सन्दर्भ हो । त्यस्तै फागुन १४ जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले बलिदान गरेको दिन हो भने फागुन २१ पञ्च शासकहरूले झापा विद्रोहका योद्धाहरूलाई जेल सार्ने बहानामा सुखानी जङ्गलमा लगेर हत्या गरेको दिन हो । यो २०७५ साल भने अमर सहिद गङ्गालाल श्रेष्ठको जन्मशताब्दी वर्ष पनि हो ।

१९९७ साल माघको दोस्रो साता गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई राणा शासकहरूले मृत्युदण्ड दिएका थिए । यद्यपि राणाशासनविरुद्ध मकैको खेती पुस्तक लेखेर विद्रोह बोलेका सुब्बा कृष्णलाल अधिकारीले जेलमै बलिदानको बाटो रोजेर निरङ्कुश शासनलाई चुनौती दिइसकेका थिए । त्यसअघि जङ्गबहादुर राणालाई चुनौती दिने लखन थापालाई हत्या गरिइसकेको थियो । लखनलाई नेपालका प्रथम सहिद मानिन्छ । यसअघि पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानका क्रममा र राज्यविस्तारपछि पनि विद्रोहीहरूको हत्या गरिएका अभिलेखहरू पाइन्छन् । मल्लकालमा पनि कयौँ विद्रोहीहरूले निरङ्कुश सत्ताको विरोध गर्दै बलिदानको बाटो रोजेका थिए । नेपालमा राणाशासनदेखि वर्तमान संसदीय व्यवस्थाविरुद्ध सङ्घर्षका क्रममा मात्र दस हजारभन्दा बढी जनताले बलिदान गरिसकेका छन् । यद्यपि राज्यले सबै विद्रोही र बलिदान गर्ने योद्धाहरूलाई सहिद घोषणा गरेको छैन । सत्ता नबदलिएको र सरकारहरू मात्र फेरिएको अवस्थामा यस्तो हुनु अन्यथा पनि होइन तर यो योद्धा र न्यायप्रेमीहरूमाथिको अन्याय भने हो । अध्येता भुवनलाल प्रधानले लेखेका छन्, 'यी युवक सहिद गङ्गालालको जन्म तत्कालीन पूर्व २ नं. रामेछापमा वि. सं. १९७५ साल फागुन पूर्णिमाको दिन भएको थियो । यिनी भक्तलाल श्रेष्ठ र तुलसीदेवीका जेठा छोरा थिए । त्यसबेला भक्तलाल रामेछापको माल अड्डाका हाकिम खरदार थिए ।'

भुवनलाल प्रधान, सहिद परिचय, गङ्गालाल, काठमाडौँ नगर पञ्चायत २०४३, पृ. १८

पाँच वर्षको उमेरमा गङ्गालालले रामेछापको भाषा पाठशालामा कखहरा सुरु गरेका थिए तर विसं १९८१ सामै बाबु भक्तलाल ओखलढुङ्गा खटिएकाले गङ्गालाल पनि बाबुसँगै जान बाध्य भए । उनलाई केही वर्षपछि अङ्ग्रेजी पढाउन भनेर काठमाडौँ ल्याइएको थियो । भुवनलालका अनुसार कलकत्तामा डाक्टरी पढ्न जाने उनका काका शङ्करलालले गङ्गालाललाई पनि सँगै लिएर गए । त्यहाँ दुई-तीन वर्ष पढेपछि गङ्गालाल काठमाडौँ नै फर्किए । त्यसपछि गङ्गालालको पढाइ दरबार हाईस्कुलमा सुरु भयो । चौथो श्रेणीमा भर्ना भएर गङ्गालालले १९९५ सालमा पहिलो श्रेणीमा एसएलसी उत्तीर्ण गरेका थिए ।

जहानियाँ एकतन्त्रीय राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने महान् उद्देश्यका लागि सङ्कल्पबद्ध गङ्गालाल श्रेष्ठले १९९५ सालमा दरबार हाईस्कुलबाट प्रथम श्रेणीमा एसएलसी परीक्षा उत्तीर्ण गरेका थिए । उनले बाल्यावस्थादेखि नै बुबासँग देशका विभिन्न भागमा पुग्ने क्रममा नेपाली जनताको दयनीय र चिन्ताजनक अवस्थाको जानकारी लिने अवसर पाएका थिए । गङ्गालालले काका शङ्करलालसँग केही वर्ष कलकत्तामा बस्दा अङ्ग्रेज साम्राज्यवादका विरुद्ध भारतीय जनआन्दोलनको उभार देख्ने मौकासमेत प्राप्त गरेका थिए । नेपाली जनतामाथि राणाहरूको उत्पीडन र भारतीय जनताले अङ्ग्रेज उत्पीडनका विरुद्ध गरेको प्रतिरोध युद्ध दुवैको प्रेरणाले गङ्गालाललाई क्रान्तिकारी बाटोतर्फ मार्गनिर्देशित गरेको इतिहास पाइन्छ ।

गङ्गालाल श्रेष्ठले निरङ्कुश राणा शासनको अन्त्य र जनतन्त्र स्थापनाका लागि बलिदान गरेको ७९ वर्ष लागेको छ । यो गङ्गालालको जन्मशताब्दी वर्ष पनि हो । राणा शासनको विरोधमा राजनीति गरेको अभियोग लगाएर १९९७ सालमा गङ्गालाललगायत शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई मृत्युदण्ड दिइएको थियो । गङ्गालाललाई नेपालका प्रथम विद्यार्थी सहिद मानिन्छ ।

१९९४ सालमा नेपाली जनताको मुक्ति र प्रजातन्त्र स्थापनाका लागि नेपाल नागरिक अधिकार समिति गठन भएको थियो । युवा गङ्गालाल यस समितिको गतिविधिमा सक्रिय थिए । जनजागरण अभियान समितिले १९९७ साल कात्तिकमा काठमाडौँस्थित इन्द्रचोकमा आमसभा आयोजना गरेको थियो । उक्त सभामा गङ्गालालले पनि सम्बोधन गरेका थिए । त्रिचन्द्र क्याम्पसमा आईएस्सीमा अध्ययनरत होनहार युवा विद्यार्थी गङ्गालालको जोसिलो भाषणबाट आत्तिएका राणाहरूले उनलाई क्रूर पञ्जामा लिए । राणाहरूले गङ्गालाललाई माफी मगाउन कोसिस गरेका थिए तर स्वाभिमानी गङ्गालालले माफी मागेनन् । माफी मगाउन नसकेपछि १९९७ साल माघ १२ गते राति दशरथ चन्दसँगै सेन्ट्रल जेलबाट निकाली विष्णुमतीको किनारमा लगेर राणाशासकहरूले २२ बर्से गङ्गालालको छातीमा गोली हानेर क्रूरतापूर्वक हत्या गरे । उनले नेपालको प्रथम विद्यार्थी सहिदमा नाम लेखाए ।

त्यतिबेला भारतमा

*बाँकी पृष्ठ ७ मा*

## कविता

### भिडन्त



रसुवाली कवि

एउटा टोलीसँग सत्ता थियो
त्यसलाई टिकाउने बन्दुक
अनुहारभरि रूढि बोकेर
सत्ताले फायर खोल्यो

अर्को टोलीसँग डायरी थियो
लेखिएका थिए त्यसमा कविताहरू
सानोसानो झोला थियो
त्यसभित्र थियो एउटा रातो किताब
वीरताका अक्षरहरूले भरिएको

त्यसपछि भिडन्त सुरु भयो
कविता र प्रहरीहरूको
रातो किताब र बन्दुकहरूको
भोलिपल्ट खबर कागजले लेख्यो
दोहोर भिडन्त
गोली हानाहान

तपाईंलाई यस्तो सफेद झूटमा राख्छ सत्ता
भ्रमको व्यापार गर्छ खुनी बजार
बजारको छल भयानक छ
हिजोआज सत्तालाई बजारले बोकेर हिँड्छ
आँखा सत्ताको, दृश्य बजारको
मुख सत्ताको, आवाज बजारको

### ए ! मान्छेहरू

बीपी विद्रोही

त्यो आगो सल्किएको
त्यो बारुद पड्किएको
बिहानीको सङ्केत हो
ए ! मान्छेहरू हो समय फेरियो, परिस्थिति फेरियो
अब बिहानीहरूमा भाले बास्दैनन्
अब बिहानीहरूमा घाम लाग्दैन
अब विस्फोटका आवाजहरू सबेरै चिर्बिराउने
चरीका स्वर अनि भालेको डाँको बनेर आउँछन्
आगोका रापहरू घामको किरण बनेर आउँछन् ।

हिजो बन्दुकहरू युद्ध बोकेर आउँथे
ए ! मान्छेहरू समय फेरियो
अब बन्दुकहरू युद्ध होइन, शान्ति बोकेर आउँछन् !
ए ! मान्छेहरू समय फेरियो
अब बन्दुक बोक्नेहरूसँगभन्दा
बुद्ध बोकेर हिँड्नेहरूसँग डराउनुपर्छ

ए मान्छेहरू ! तिमी दिनको प्रतीक्षामा छौ नि हैन ?
तिमी शान्तिको कामना गर्छौ नि हैन ?
ए मान्छे तिमी दिनको प्रतीक्षामा छौ भने
बिहानसँग त्रसित नहोऊ
ए मान्छेहरू हो, अब ब्युँझ ! समय फेरिएको छ
अबका बिहानहरू
घामको किरणझैँ, आगोको मुस्लोसहित आउनेछन्
हिजो न्यानो किरण दिन आउने घाम त आज
अन्धकार रातको चाकडी गर्दै बसेको छ
घाम चिप्लिएको छ, घाम अपहृत छ
त्यसैले घामको साटो आगोको मुस्लो आएको हो सबेरै
त्यसैले ए मान्छेहरू हो
तिमी साँच्चिकै दिनको प्रतीक्षामा छौ भने
तिमी साँच्चिकै शान्तिको कामना गर्छौ भने
आगोसँग नडराऊ
अबको आगो शान्तिका लागि हुनेछ
अबको आगो युद्धपिचासहरूलाई जलाउने हुनेछ ।

ए ! मान्छेहरू हो हेर त
हामीजस्तै मान्छेहरू माटोमाथि सुतेका छन्
ती हामीजस्तै मान्छेहरूलाई
सुनौलो बिहानीको बिछ्याउनामा बसाउने
तिम्रो-हाम्रो कर्तव्य हो ।
ए मान्छेहरू हो अब उठ, जाग
हातमा हात जोडेर आऊ, यो देशबाट
त्यो अन्धकारलाई लखेटौँ ।

## क्रान्तिवीर ...

अङ्ग्रेज शासनको बन्धनबाट मुक्त हुन सञ्चालित आन्दोलनको प्रभाव बालक गङ्गालालमा परेको हुनसक्ने अनुमान इतिहासकारहरूले गरेका छन् । नेपाल फर्किएपछि गङ्गालालका कविता, प्रवचन र कुराकानीमा परिवर्तनको पक्षधरता पाइन थालेको थियो । यसै सिलसिलामा गङ्गालालले नागरिक अधिकार समितिको आयोजनामा काठमाडौँको इन्द्रचोकमा भएको कार्यक्रममा जोडदार र क्रान्तिकारी भाषण गरे । २० बर्से लक्का जवान गङ्गालालको विद्रोही चेतनाको वास्तविक अभिव्यक्ति थियो त्यो भाषण । उनले इन्द्रचोकमा भाषण गर्नु केही दिनअघि काठमाडौँ असनमा पुराण अवसान गरेको अवसरमा पनि क्रान्तिकारी लिखित भाषण गरेका थिए । उनका यी दुवै भाषण वैचारिक थिए र निरङ्कुश राणाशासनविरुद्ध केन्द्रित थिए ।

साहसी विद्यार्थी गङ्गालाल राणाहरूका अगाडि झुक्नुभन्दा गोली खाएर जीवन बलिदान गर्न तयार भए । त्रिचन्द्रमा अध्ययनरत युवा विद्यार्थी गङ्गालालको यो साहसिक बलिदानले नेपालीलाई विद्रोहमा उत्रिन प्रेरणा दियो । फलस्वरूप निरङ्कुश राणाशासनका विरुद्ध विद्रोहको भुसको आगो दन्कियो र २००७ सालमा राणाशासन नै समाप्त भयो । यद्यपि राणाशासनको अन्त्यपछि आजसम्म पनि नेपाली जनताका सुखका दिन आएका छैनन् र जनताले विद्रोह र क्रान्तिमा लामबद्ध हुनुपर्ने अवस्था विद्यमान नै छ ।

१९९० को आरम्भमै शुक्रराज शास्त्री नागरिक अधिकार समितिमा आबद्ध भइसकेका थिए। उनीलगायत प्रजापरिषद्का दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई सर्वस्वहरणसहित फाँसीको सजाय दिइएको थियो । कलिलै उमेर भएकाले गङ्गालाललाई माफी मागे आजन्म कारावास हुने सजाय सुनाइएको थियो तर उनले कसैले बकस दिएको जीवन बाँच्नुभन्दा सङ्घर्षमा नझुकी मर्नु नै उचित ठान्दै फाँसीको सजाय रोजे । राणाशासकहरूले प्रजापरिषद्का अन्य सदस्यहरूमध्ये टङ्कप्रसाद आचार्यलाई मुडीदामल गरी सर्वस्वसहित जन्मकैद, चन्द्रमान सैँजू, गोविन्दप्रसाद उपाध्याय, बनबहादुर पाण्डे, गणेशमान सिंह र हरिकृष्ण श्रेष्ठलाई सर्वस्वसहित जन्मकैदको सजाय सुनाएका थिए । प्रजापरिषद्का अरू सदस्यले पनि कठोर सजाय पाएका थिए ।

सजायस्वरूप १९९७ साल माघ ९ गते टङ्कप्रसाद आचार्य र रामहरि शर्मालाई चारपाटा मुडेर सुँगुरको पाठा बोकाई टुँडिखेलमा घुमाइएको थियो । शुक्रराज शास्त्रीलाई १९९७ साल माघ ११ गते पचली त्रिपुरेश्वरमा झुन्ड्याई मारिएको थियो भने धर्मभक्त माथेमालाई माघ १३ गते राति सिफलमा झुन्ड्याएर मारिएको थियो । गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १४ गते राति सामाखुसी र विष्णुमतीको दोभानमा गोली हानी मारिएको थियो ।

अन्त्यमा सहिद गङ्गालालको कीर्ति स्मृति गर्दै जन्मशताब्दी वर्ष मनाउनु र पुस्तक प्रकाशन गर्नु सराहनीय कार्य हो । सम्बन्धित सबै पक्ष धन्यवादका पात्र छन् । यो पुस्तक उनको जन्मथलो रामेछापको भँगेरीमा लगेर लोकार्पण गराउन सुझाव दिन्छु ।

## नेताहरुको गिरफ्तारी ...

निर्णयअनुसार यही चैत १६ गते शनिबार देशव्यापी आमहडतालसहित नेपाल बन्दको आह्वान गर्दछौँ ।'

महासचिव विप्लवको विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाल बन्द हाम्रो चाहना नभई फासिवादी दमनका विरुद्ध बाध्यता भएको जानकारी आमजनतामा गराउन चाहन्छौँ । यो बन्दले कक्षा १० का विद्यार्थीहरूको एसईई परीक्षालाई बाधा नपारोस् भन्नका लागि शनिबारको दिन आयोजना गरिएको अवगत गराउँछौँ । यसैगरी केपी वलीको फासिवादी सरकारले देशभित्र द्वन्द्व लादेर विदेशी लगानी भित्र्याउने हावादारी प्रचार गरिरहेको छ । यो कुनै सत्य नभएर विदेशी लगानीकर्ताहरूको पैसामा दलाली गर्ने र जनतामाथि लूट थोपर्ने नाटक मात्र हो भन्ने स्पष्ट गर्दछौँ । तथापि हाम्रो बन्द हाम्रै आन्तरिक विषय र दमनकारी सरकारको प्रतिरोध मात्र भएकाले १६ गतेको बन्दप्रति कुनै पनि अन्तर्राष्ट्रिय समुदायलाई भ्रमित र तरङ्गित नहुन आग्रह गर्दछौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'अन्त्यमा हामी सबै देशभक्त, वामपन्थी, लोकतन्त्रवादी, कम्युनिस्ट, विभिन्न क्षेत्रका उद्योगी-व्यवसायी र आमजनतालाई बन्द सफल पारी केपीको फासिवादलाई प्रतिरोध गर्न विशेष अनुरोध गर्दछौँ ।'

साथै विज्ञप्तिमा चैत २४ गतेसम्मको सङ्घर्षको कार्यक्रम पनि घोषणा गरिएको छ । उक्त कार्यक्रमअनुसार चैत १३ गते देशभर चोक जुलुस, चैत १४ गते देशभर कोणसभा, चैत १५ गते मशाल जुलुस, चैत १६ गते शनिबार नेपाल बन्द, चैत १९ देशभर अन्तरक्रिया, चैत २१ जनवर्गीय सङ्गठनका विरोध प्रदर्शन, चैत २२ र २३ गते कालो झन्डा प्रदर्शन, चैत २४ देशव्यापी जनप्रदर्शन र जनसभा रहेको छ । साथै चैतभित्र प्रतिबन्ध नहटाएमा र शान्तिपूर्ण कार्यक्रम गर्न नदिएमा केपी वली सरकारका कार्यक्रहरूविरुद्ध प्रतिबन्ध र आमहडतालको तयारी गर्ने विज्ञप्तिमा भनिएको छ ।

## नेकपा नेता ...

हुन् ।

विप्लव नेतृत्वको नेकपामाथि लगाइएको प्रतिबन्ध फिर्ता गर्न र नेकपाप्रति राजनीतिक व्यवहार गर्न माग गर्दै किरणले वार्ताबाट समस्या समाधान गर्न आग्रह गरेका छन् ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' को गिरफ्तारीविरुद्ध बोल्दै गोपाल किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र), नेपाली काङ्ग्रेसका वरिष्ठ नेताहरू रामचन्द्र पौडेल, प्रदीप गिरीका साथै राप्रपा नेपालले सरकारको आलोचना गरेका छन् ।

माओवादी केन्द्रले विज्ञप्ति निकालेर सरकारको गतिविधि र नेता सुदर्शनको गिरफ्तारीको विरोध गरेको छ । माओवादी केन्द्रका महासचिव कर्णजत बुढाथोकी 'सुशील' ले शनिबार विज्ञप्ति निकालेर गिरफ्तारीको विरोध गरेका हुन् । उनले नेकपामाथि राजनीतिक व्यवहार गर्नसमेत सुझाव दिएका छन् ।

सुशीलले जारी गरेको विज्ञप्तिमा गिरफ्तारी र धरपकडको विरोध गर्दै नेता सुदर्शनको रिहाइको माग गरिएको छ । सरकारले आफ्नो असफलतालाई लुकाउन नेकपामाथि प्रतिबन्ध लगाएको उनले बताएका छन् ।

'विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य कमरेड हेमन्तप्रकाश ओली 'सुदर्शन' लगायत ९ जना नेता-कार्यकर्ताहरूलाई चैत ८ गते राति काभ्रेको खानीखोला गाउँपालिका ७ मिल्चेस्थित बोरेनी नजिकबाट सरकारद्वारा गिरफ्तार गरेको विषयले नेपाली राजनीतिमा तरङ्ग सिर्जना गरेको छ । देशभरिमा नै भइरहेको धरपकडले संविधानले दिएको अधिकारसमेत हनन गरी जनविरोधी क्रियाकलाप प्रदर्शन गर्नु केपी ओली सरकारको असफलताको दिशातिर जान खोजेको प्रस्ट सङ्केत देखिन पुगेको छ', विज्ञप्तिमा भनिएको छ ।

राजनीतिक आन्दोलनलाई प्रतिबन्ध लगाएर समस्याको समाधान नहुने थाहा हुँदाहुँदै सरकार त्यही दिशामा बढेको भन्दै सुशीलले सरकारमाथि नै शङ्का व्यक्त गरेका छन् । 'देश भ्रष्टाचारले आक्रान्त बनेको, केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय नभई सङ्घीयता चरम सङ्कटमा परेको, दक्षिणपन्थी शक्तिहरू, विदेशी शक्तिहरू, सरकारको संरक्षणमा रहेका शक्ति र संस्थाहरूले खुलेआम रुपमा धार्मीक द्वन्द्व सिर्जना गरेको, राष्ट्रियतामा आँच दिने समूहसित अस्वाभाविक सम्बन्ध जोड्नुले देशको स्वाभिमानमाथि असर परेको छ । धार्मिक आन्दोलनलाई वैधानिकता दिने नेकपाको राजनीतिक आन्दोलनलाई प्रतिबन्ध लगाउनुले केपी ओली सरकार कसको मतियार भएर काम गर्दैछ भन्ने शङ्का सर्वत्र उत्पन्न भएको छ', विज्ञप्तिमा उल्लेख छ ।

क्रान्तिकारी आन्दोलन दमन र धरपकडबाट नियन्त्रण गर्न नसकिने बरु सरकार आफैँ असफल हुने गरेको इतिहास ताजै भएको बताएको बताउँदै सुशीलले राजनीतिक समस्या वार्ताद्वारा समाधान गर्न आग्रह गरेका छन् ।

## नेपाली सेनाले ...

सुझाव दिँदै र तत्कालीन १० वर्ष लामो युद्ध पनि राजनीतिक रूपले समाधान गरिएको स्मरण गराउँदै नेपाली सेनाले समस्याको समाधान बलप्रयोगबाट नभई सहमतिबाट गर्नुपर्ने कुरामा जोड दिएको छ ।

नेपाली सेनाका प्रवक्ता यामप्रसाद ढकालले पनि नेकपालाई शान्तिपूर्ण राजनीतिमा ल्याउन राजनीतिक तवरबाटै समाधान खोज्नुपर्ने पक्षमा नेपाली सेना रहेको सञ्चारमाध्यमलाई बताएका छन् । उनले भनेका छन्, 'राजनीतिक विषयलाई बल प्रयोगबाट भन्दा वार्ता र सहमतिबाट टुङ्ग्याउनुपर्छ । यो नै सबैभन्दा उपयुक्त विकल्प हो । द्वन्द्व व्यवस्थापनसम्बन्धी विगतका नजिरले पनि असन्तुष्ट पक्षलाई वार्ता र सहमतिबाटै टुङ्गोमा पुऱ्याएको स्पष्ट छ ।'

स्मरणीय छ गत फागुन २८ गतेदेखि केपी वली सरकारले नेकपालाई प्रतिबन्ध लगाएको छ । यसैबीच नेपाल कम्युनिस्ट पार्टीले सञ्चार माध्यममा कैयौँ भ्रमपूर्ण समाचारहरू प्रसारण र प्रकाशन भएको भन्दै उक्त पार्टीले व्यक्तिहत्या गर्ने र कुनै पनि सुरक्षा निकायमाथि आक्रमण गर्ने नीति नरहेको स्पष्ट पारिसकेको छ । नेकपाका महासचिव विप्लवले क्रान्तिकारी, देशभक्त, लोकतन्त्रवादी र राष्ट्रभक्त सेना-प्रहरीलाई समेत राष्ट्रियता रक्षाका लागि लड्न आह्वान गर्दै आएका छन् ।

## नेता सुदर्शन ...

अदालतमा उपस्थित गराएपछि आइतबार बिहानैबाट अदालत परिसरमा सञ्चारकर्मीहरु जम्मा भएका थिए । तर प्रहरीले सुदर्शनलाई पत्रकारहरुसँग कुरा गर्न दिएन । प्रहरीले उनीहरुलाई शनिबार बिहान काभ्रेबाट काठमाडौँ आउँदै गर्दा काभ्रे र ललितपुरको सिमानाबाट गिरफ्तार गरेको हो ।

## को हुन् नेता सुदर्शन ...

०६९ मा पार्टी विभाजनपछि लामो समयसम्म प्रचण्ड नेतृत्वको एकीकृत नेकपा माओवादी हुँदै नेकपा माओवादी केन्द्रमा रहेका नेता सुदर्शनले माओवादी केन्द्र छोडेका थिए ।

त्यसपछि उनले छुट्टै नेकपा न्युक्लियस गठन गरेका थिए । त्यसपछि उनी विप्लव नेतृत्वको नेकपासँगको ध्रुवीकरणमा प्रवेश गरेका थिए ।

उनी विप्लव नेकपामा वैचारिक, राजनीतिकसहित साहित्यिक क्षेत्रमा समेत सशक्त कलम चलाउने नेताका रूपमा चिनिन्छन् । शान्तिप्रक्रियापछि कुनै पनि राजनीतिक लाभको पदमा नपुगेका सुदर्शन माओवादी आन्दोलनकै माथिल्लो तहका नेतामध्ये इमानदार र अध्ययनशील नेताका रूपमा चिनिन्छन् ।

उनी लामो जेल जीवन बिताउने नेतामध्ये एक हुन् । यसअघि जनयुद्धका क्रममा उनी २०५५ साल माघ २८ गते बाजुरामा पक्राउ परेर २०५८ असार २१ गते रिहा भएका थिए ।

शान्तिप्रक्रियापछि तत्कालीन राप्ती ब्युरो इन्चार्ज हुँदा जनएकता तथा रूपान्तरण अभियानको अगुवाइ गरेका ओलीले लामो समय मगरात राज्य समिति इन्चार्जको जिम्मेवारी लिएका थिए ।

# नेकपाका स्थायी समिति सदस्य सुदर्शनसहित ९ जना गिरफ्तार



रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्य केन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' गिरफ्तार भएका छन् । जनताको घरमा बसिरहेका नेता सुदर्शनलाई शुक्रबार राती घर घेरा हाली प्रहरीले गिरफ्तार गरेको हो । काभ्रेको खानीखोला गापा ३ स्थित डाँडागाउँमा जनतासँग बसेर छलफल गरिरहेका बेला प्रहरीको विशेष ब्युरो र काभ्रे प्रहरीको संयुक्त टोलीले घेरा हाली सुदर्शनसहित ९ जनालाई गिरफ्तार गरेको हो ।

महानगरीय प्रहरी अपराध महाशाखाका निमित्त प्रमुख एसपी केदार ढकालको नेतृत्वको टोलीले गिरफ्तार गरिएका नेताहरुलाई काठमाडौँ ल्याएको छ । नेता सुदर्शनसँगै विजय श्रेष्ठ, शङ्कर अधिकारी, धर्मराज राजवाहक, रामकृष्ण खतिवडा, ललित लामा, सञ्जीव कार्की, वेद घिमिरे र लोकेन्द्र खड्का पनि गिरफ्तार भएका छन् ।

गिरफ्तार नेताहरुलाई भेट्न मानवअधिकारीवादीको टोली क्रियाशील रहेको छ । ९ जना नेताहरुलाई प्रहरीले झूट्टा मुद्दामा फसाउने तयारी गरिरहेको स्रोतले बतायो । नेताहरुलाई गिरफ्तार गर्न प्रहरीले सिङ्गो गाउँलाई नै घेरा हालेर सर्च अपरेसन चलाएको थियो ।

सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएपछि चौतर्फी त्यसको विरोध हुँदाहुँदै सरकार भने बल प्रयोग गरेरै भए पनि दमन गर्ने नीतिमा छ ।

राजनीतिक स्वतन्त्रतामाथि नै हस्तक्षेप गरी प्रतिबन्ध नलगाउन र वार्तामार्फत राजनीतिक हल गर्न सबै क्षेत्रबाट माग भए पनि सरकार भने नाङ्गो रुपमा दमनमै उत्रिएको छ । अहिलेसम्म गिरफ्तार भएकामध्ये सुदर्शन पार्टीका उच्च स्तरका नेता हुनुहुन्छ ।





## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

नियमित

# राजनीतिक सङ्कटको कारण र निदान


अनिल शर्मा विरही

देश भयानक सङ्कटतिर धकेलिएको छ । यो स्थितिको जन्म आकस्मिक रूपमा भएको होइन । यसका जराहरू विस्तृत शान्तिसम्झौता र मूलतः दलाल संसदीय व्यवस्थाभित्र खोज्नुपर्छ । यो सङ्क्षिप्त लेख त्यसै विषयमा केन्द्रित छ ।

गृहयुद्ध अथवा जनयुद्धको समयमा एकातिर शाहीसेनासहितको राजतन्त्र र अर्कोतिर जनमुक्ति सेनासहित जनताका बीचमा सङ्घर्ष थियो । शाहीसेना र जनमुक्ति सेनाका बीचमा सङ्घर्ष हुँदा काङ्ग्रेस, एमाले, जनमोर्चाजस्ता संसदीय शक्तिहरू विदेशी शक्तिहरूको अरनखटन र नेपाली सेना-प्रहरीको निगाहमा दन्तबझान र आशीर्वादको सेवा-सुविधा भोग गरिरहेका थिए । जनयुद्ध निर्णायक दिशामा पुग्दै गर्दा एमाले र काङ्ग्रेस मात्र होइन, प्रचण्ड-बाबुरामसमेत साम्राज्यवादी शक्तिहरूको पाउमा लम्पसार परे । त्यसपछि नै १२ बुँदे, शान्तिसम्झौता हुँदै आजको परिदृश्य सतहमा आयो । सङ्घर्षको मुख्य शक्ति सेनाले नेतृत्व गुमायो । राजा बनबास पुगे । जनमुक्ति सेना विघटन भयो । जनयुद्धमाथि, जनतामाथि दमन-अपमान सुरु भयो । दलाल पुँजीवादका राजनीतिक प्रतिनिधिहरू सत्तारूढ भए । गृहयुद्धको मुख्य शक्तिहरूमध्ये एउटाले अर्कोको निषेध गरेको भए अथवा उनीहरूका बीचमा सहमति भएको भए स्वाभाविक हुन्थ्यो । तर कार्ल मार्क्सले भनेझैँ नेपालमा 'इतिहासको मजाक' भयो । विदेशी षड्यन्त्र र दबाबमा दलाल पुँजीपति वर्ग नेतृत्वमा आयो । समस्याको जरो त्यहीँ छ । नेपालमा न सामन्ती-पुँजीवादी सत्ता छ, न त समाजवादी सत्ता नै छ । यस्तो बिचौलिया, परजीवी, ऐँजेरु सत्ता, शाही नेपाली सेना र जनमुक्ति सेनाको लडाइँबाट नाजायज फाइदा लिएको सरकार र सत्ता नै राजनीतिक सङ्कटको कारण हो । समाजका ठूलाठूला, उथलपुथलकारी घटनाहरू वैचारिक, राजनीतिक कारणले हुन्छन् । कसैको लहडमा सम्भव छैन । नेपाली समाज आत्मनिर्भर अर्थतन्त्र, आर्थिक-सामाजिक स्वतन्त्रता र स्वाभिमान चाहन्छ । संसदीय दलहरू विदेशी (निगम पुँजीवाद) को चाकरी बजाएर कमिसनको धन र युवाहरूलाई आधुनिक दास (वैदेशिक रोजगार) बनाएर लुटपाट-डकैती गरिरहेका छन् । त्यसैले नयाँ दास मालिक र नयाँ स्पार्टाकसको लडाइँ चलिरहेको छ । यो नै राजनीतिक सङ्कटको आन्तरिक कारण हो ।

राजनीतिक सङ्कटको बाहिरी कारण पनि छ । त्यसमा पश्चिमा शक्तिहरू निर्णायक रूपमा आएका छन् । चीन र अमेरिकी ध्रुवमा विश्व विभाजित हुँदै गएको छ । गत वर्ष चीनले पीआरआई रणनीतिलाई नेपालमा समेत तीव्रता दियो । त्यसपछि भारतसमेतको सहमतिमा संयुक्त राज्य अमेरिकाले 'हिन्द-प्रशान्त रणनीति-१९४७' लाई तीव्रता दियो । त्यसैअनुसार होली वाइन पार्टीदेखि सीके राउतकाण्ड हुँदै नेकपामाथि प्रतिबन्ध लगाउने घटनाहरू अगाडि आएका छन् । सीके-ओली-अमेरिकी दूतावासका बीचमा गठबन्धन भएको देखिन्छ । चीनलाई घेरा हाल्न नेपाल अस्थिर, कमजोर र परनिर्भर देश भएमा हस्तक्षेप गर्न, घुसपैठ गर्न र सहयोगका नाममा (आर्थिक र सैन्य सहयोग) गुप्तचरी गर्न अमेरिकासहित पश्चिमी शक्तिहरूलाई सजिलो हुन्छ ।

महाकाली नदी बेचेर कुख्याती कमाएका, मदन भण्डारीको हत्या-आशङ्काको घेरामा धकेलिएका प्रम ओली हिन्द-प्रशान्त समिट-२०१९ हुँदै सीके राउतकाण्डसम्म पुग्दा एकजना देशद्रोही शासकका रूपमा देखिएका छन् जसले गृह मन्त्रालय जासुसी संयन्त्र, लगानी बोर्ड, नेपाली सेना सबैलाई आफ्नो मातहतमा केन्द्रित गरेर निरङ्कुश शासकका रूपमा उदाउने प्रयास गरिरहेका छन् ।

चैत २२ गते अमेरिकी राजदूत र ओलीको भेटघाट भयो । चैत २३ गते बिहीबार राती सीके राउतलाई जेलबाट गुपचुप बालुवाटार लगेर अमेरिकी दूतावासको मन्त्रणा सुनाइयो र उज्यालो हुनासाथ अदालतलाई प्रभावित पारेर राउतलाई रिहा गरियो । २४ गते ओली-राउत ११ बुँदे सहमति भयो । सहमति हुनुभन्दा ७ मिनेटअगाडि राउतले जनअभिमत भनेको जनमतसङ्ग्रह हो भनेर सामाजिक सञ्जालमा प्रवाह गरिसकेका थिए । तराई विभाजित गर्ने नैतिक र कानुनी मान्यता दिएर वली-देउवा-सीके-अमेरिकी दूतावासले नेपाली जनताविरुद्ध युद्धको घोषणा गरेका छन् ।

वली सरकार क्रान्तिकारी, देशभक्त र उदार पुँजीवादी शक्तिहरूको घेराबन्दीमा परेको छ । उसलाई पश्चिमी शक्तिको प्रतिनिधि मानिने शेरबहादुर देउवा, पश्चिमी गैरसरकारी संस्थाहरू र अमेरिकी दूतावासको समर्थन देखिन्छ । सरकारलाई प्रमुख प्रतिनिधि र सुरक्षा निकायकै समर्थन छैन । सरकारले अमेरिकी दूतावास र प्रलोभनमा पारेर देश र जनताका विरुद्ध प्रहरी र कार्यकर्तालाई उचाल्न खोजिरहेको कुरा हामी सबै नागरिकको निगरानीमा छ । मान्छे सिकारी कुकुरझैँ मालिकको इसारामा दौडने प्राणी होइन । राष्ट्रद्रोह, भ्रष्टाचार, राष्ट्रिय अपमान, देशमा धार्मिक अतिक्रमण निम्त्याउने विप्लव कि वली ? वली-प्रचण्डहरू क्रिस्चियन धर्मगुरुलाई बोकेर हिँडिरहेका छन् । हाम्रो पार्टीले कुनै पनि धर्ममा आधारित जनसङ्गठन बनाउने र धार्मिक व्यक्तिलाई पार्टीको जिल्ला सदस्यभन्दा माथि पुग्न नदिने निर्णय गरिसकेको छ । एनसेलमाथिको हमला निगम पुँजीवादमाथिको हमला हो । जसरी चाभेजले अमेरिकी तेल कम्पनीमाथि रोक लगाएका थिए । अरुण ३ र माथिल्लो कर्णालीमाथि विरोध प्राकृतिक स्रोतको लगानी र प्रतिफल नेपालकै हुनुपर्छ भन्ने दबाब र माग हो । तर सिकारी कुकुरको आँखाले केवल चन्दा देख्छ ।

देशको राजनीतिक सङ्कट गहिरिएको छ । चन्दा र ने.क.पा. भित्र आन्तरिक समस्याको कृत्रिम चर्चा गरेर जनता निराश बनाउने र राजनीतिक, वैचारिक समस्यालाई व्यक्तिगत स्वार्थ र सनकमा न्यूनीकरण गर्ने 'मिडिया खेल' चलिरहेको छ । ने.क.पा. र उसप्रति सहानुभूति राख्ने सञ्चारको मुख थुन्ने र एकतर्फी प्रचार युद्ध थोपर्ने फर्मान जारी गरिएको छ । यसप्रकारको स्थितिलाई कतिपयले केपी-बादलमण्डलीको कारण आएको समस्या भनिरहेका छन् । तर समस्या दलाल संसदीय व्यवस्थामै छ । यो व्यवस्था नेपालमा पटकपटक असफल भैसकेको छ । जनयुद्धमाथि बलात्कार गरेर जन्मिएको व्यवस्था हो यो व्यवस्था । यसलाई गर्भमै तुहाउनुपर्थ्यो । राजनीतिक सङ्कटको कारखाना दलाल संसदीय व्यवस्था हो । यस्तो कारखाना रहेसम्म वलीहरू, देउवाहरू जन्मिरहन्छन् ।

# अजय सुमार्गीको २५ रोपनी जग्गा नेकपाको कब्जामा

**रातो खबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीले पोखरा महानगरपालिका सिसुवामा अजयराज सुमार्गीका नाममा रहेको २५ रोपनी जग्गा कब्जा गरेको छ । सुमार्गीको स्वामित्वमा रहेको मुक्तिश्री प्रालिले सोवाचन्द्र सिग्देल, रामचन्द्र सिग्देल र हरिचन्द्र सिग्देलका नाममा रहेको कास्की सिसुवा हाल पोखरा महानगरपालिकामा पर्ने कित्ता नं.२९०६, ५७०३, २९१०, ५६९८, ५७००, ७६११, २१६५, २१६९, ५६०२, ५७१४, ५७१६, २१६७, २१७१, २१७५, २६३ ५, २८९६, २८९९ रहेको कुल २५ रोपनी क्षेत्रफल भएको जग्गा नेकपाले कब्जा गरेको हो ।




उक्त जग्गा पोखरा महानगरपालिका वडा नं. १२ निवासी बद्रीप्रसाद आचार्यसँगको मिलोमतोमा २०७१ साल असोज २६ मा सिग्देल परिवारलाई नै थाहा नदिई सुमार्गीले आफ्नो नाममा गरेको नेकपा कास्कीले बताएको छ ।

सुमार्गीले परिवारको सम्पर्कमा नआई मुक्तिश्री प्रा.लि ले बिनाखबर २०७५ को धानबालीमा डोजर चलाई तारबार लगाउँदा जग्गा विवादित बनेको हो । पीडित परिवारले न्यायका लागि जनपरिषद् कास्कीमा गरेको निवेदन र आवश्यक छानबिनका आधारमा पीडित पक्षलाई न्याय दिनका लागि नेकपा कास्कीले कब्जा गरेको जनाएको छ ।

विवादित जग्गा किनबेच, भोगचलन तथा बैङ्किङ कारोबार नगर्न-नगराउन तथा सबै प्रकारका दलालहरुबाट सचेत रहन नापी, मालपोत जनसाधारण, व्यवसायी, लेखापढी व्यवसायी सबैलाई उक्त जग्गामा कुनै पनि प्रयोजनमा सहभागी नहुन नेकपा कास्कीले आमजनसमुदायमा अनुरोधसमेत गरेको छ ।

# पुष्कर र गौतमलाई रिहा गर्न माग




**मोरङ** : नेपाल कम्युनिस्ट पार्टीको पूर्वी कमान्डले पार्टीको कोसी ब्युरो संयोजक घनश्याम श्रेष्ठ 'पुष्कर' सहित गिरफ्तार सबैलाई तत्काल बिनासर्त रिहा गर्न माग गरेको छ ।

कमान्डले ब्युरो संयोजक पुष्कर र ब्युरो सदस्य माधव गौतमलाई बिनाकारण 'सामाजिक दलाल फासिवादी सरकार' को निर्देशनमा प्रहरीप्रशासनले गिरफ्तार गरेको भन्दै गिरफ्तारीको निन्दा गरेको छ । संयोजक पुष्कर र सदस्य गौतमलाई हिजो आइतबार साँझ पार्टीको जनभेटघाटमा रहेको बेला मोरङ जिल्लाको कानेपोखरी गाउँपालिकाको बयरबनबाट अपरहण शैलीमा गिरफ्तार गरेको भन्दै कमान्डका इन्चार्ज विरहीले सोमबार प्रेसविज्ञप्ति जारी गर्दै भर्त्सना गरेका हुन् ।

राष्ट्रियता र जनताको पूर्ण अधिकारका लागि राजनीतिक आन्दोलन चलाइरहेको अवस्थामा पार्टीका नेता, कार्यकर्ता र समर्थकमाथि दमन र धरकपड मच्चाएको भन्दै कमान्डले विरोध गरेको छ । सर्च अपरेसन तत्काल रोक्नसमेत माग गरिएको छ ।

इन्चार्ज विरहीद्वारा जारी प्रेसविज्ञप्तिमा भनिएको छ, 'नेपाली उत्पीडित तथा श्रमजीवी जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीले केपी-बादल कम्पनी सामाजिक दलाल पुँजीवादबाट सामाजिक फासिवादतर्फ पतन हुँदैछ भन्ने कुरा वर्तमान घटनाक्रमले पुष्टि गरेको छ ।' पार्टीमाथि लगाइएको प्रतिबन्ध फासिवादको भद्दा नमुना भएको उल्लेख गर्दै 'बिनाकारण अपहरण शैलीमा गरिएको उक्त गिरफ्तारीको हाम्रो पार्टी घोर भर्त्सना र निन्दा गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

गिरफ्तार सबैलाई तत्काल बिनासर्त रिहा नगरिए जनप्रतिरोधमार्फत सङ्घर्ष गर्न बाध्य हुने र त्यसबाट उत्पन्न परिणामको जिम्मेवार सरकार नै हुने विज्ञप्तिमा स्पष्ट पारिएको छ । 'गिरफ्तारीमा परेका कमरेडहरुलाई तुरुन्त रिहा नगरिए जनप्रतिरोधमार्फत कडा कदम चाल्न बाध्य हुने र त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी पनि सम्बन्धित पक्ष नै हुनेछ', विज्ञप्तिमा उल्लेख छ ।

# दमन गर्नेलाई छोडिन्न : नेकपा मेची ब्युरो

**सर्गम श्रेष्ठ सुमन/झापा**

नेपाल कम्युनिस्ट पार्टी मेची ब्युरो कार्यालयले विज्ञप्ति जारी गर्दै इलाम जिल्लाका प्रजिअ र एसपीले आफ्नो दमनकारी गतिविधि नबदले बिसौं वर्षपछि भए पनि नछोड्ने चेतावनी दिएको छ ।

आफ्नो पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानकै क्रममा जनतासँग छलफल, अन्तर्क्रिया र भेटघाट गरिरहँदा दक्षिणी इलामको चुलाचुली गाउँपालिका वडा नं. ६ स्थित फुङ्नाम गाउँमा हतियारधारी प्रहरी आएर जनतालाई अनावश्यक रुपमा धम्की र त्रास सिर्जना गरी जनताको कन्चटमा पेस्तोल ताक्ने काम गर्नुका साथै महिलालाई अपशब्द र गालीगलौज गरी अभियन्ताहरुले पार्किङ गरेर राखेको मे ७ प ६१० नम्बरको होन्डा साइन, को ४ प ७२३ नम्बरको बजाज पल्सर र को ८ प १४५६ नम्बर को यामाहा बाइक लुटपाट गरी लगेपछि नेकपा मेची ब्युरो आक्रोशित बनेको हो ।

मेची ब्युरो कार्यालयका तर्फबाट नेकपा मेची ब्युरो कार्यलय सदस्य ताराद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उक्त लुटेरा समूहलाई त्यसरी लुटपाट मच्चाउन आदेश दिने प्रजिअ र प्रहरी प्रमुखको हर्कतको निन्दा र भर्त्सना गर्दै लुटपाट गरिएका सवारीसाधन तुरुन्त फिर्ता गर्न माग गरिन्छ । यसरी नै प्रहरीहरु जनतामाथि जाइलाग्ने हो भने जनताका तर्फबाट गतिलो प्रतिरोध गरेर जबाफ दिइनेछ ।'

शुभकामना



महान जनयुद्धको २४औं वार्षिक उत्सवका अवसरमा सहिद परिवार, घाइते अपाङ्ग योद्धा लगायत सम्पूर्ण मुक्तिकामी एवं गणतन्त्रप्रेमी जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जितबहादुर श्रेष्ठ
अ. ने. क्रान्तिकारी निर्माण मजदुर संघ
केन्द्रीय उपाध्यक्ष




निर्देशक : **गुणराज लोहनी**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ